
फागुन - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क २१ | २०७४, फागुन १–१५ | पूर्णाङ्क ६१५



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ७ |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | ६ |
| इजलास नं. ९ | ३ |
| जम्मा | ४१ |

| | |
|---|---|
| इजलास नं. १० | ३ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | ३ |
| इजलास नं. १४ | १ |
| इजलास नं. १५ | २ |
| एकल इजलास | ३ |
| जम्मा | १६ |

**कूल जम्मा ४१ + १६ = ५७**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

**मूल्य रू.५,५००।-**

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, फागुन – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ५** |
| १. | उत्प्रेषण / परमादेश | गोपालप्रसाद गौतम वि. प्रशासकीय अदालत सिंहदरबारसमेत | |
| २. | उत्प्रेषण / परमादेश | सुनिल रंजन सिंहसमेत वि. नेपाल सरकार | |
| ३. | उत्प्रेषण / परमादेश | लक्ष्मण थपलिया वि. नेपाल सरकारसमेत | |
| ४. | कर्तव्य ज्यान | कमलेश शर्मा वि. नेपाल सरकार | |
| ५. | कर्तव्य ज्यान | टेकबहादुर कुर्मी वि. नेपाल सरकार | |
| ६. | लागु औषध सेतो हेरोइन | शर्मिला तामाङ वि. नेपाल सरकार | |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शिवचन्द्र राय यादव | |
| **इजलास नं. १** | | | **५ - ६** |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लाप्साङ शेर्पा | |
| **इजलास नं. २** | | | **६ - ११** |
| ९. | कर्तव्य ज्यान | धनसरा रावल वि. नेपाल सरकार | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पदमबहादुर क्षेत्री | |
| ११. | कर्तव्य ज्यान | गम्भीर चन्द वि. नेपाल सरकार | |
| १२. | कर्तव्य ज्यान | प्रेमबहादुर पुन वि. नेपाल सरकार | |
| १३. | विना इजाजत गैरकानूनी तरिकाले वन्यजन्तुको आखेटोपहार लुकाई छिपाई राखेको | तुलाराम राई वि. नेपाल सरकार | |
| १४. | मानाचामल भराई पाउँ | निरू महर्जन प्रजापति वि. महेश महर्जन | |
| **इजलास नं. ३** | | | **११ - १२** |
| १५. | उत्प्रेषण / परमादेश | लीला देवी साह वि. मालपोत कार्यालय, मोरङ, विराटनगरसमेत | |
| १६. | निषेधाज्ञा | हरिहर पासवान वि. जमुनादेवी पासवानसमेत | |

| इजलास नं. ४ | | १३ - १५ |
|---|---|---|
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भगवतपुरी खड्का |
| १८. | जबरजस्ती करणी | दिलबहादुर खत्री वि. नेपाल सरकार |
| १९. | कर्तव्य ज्यान | होमबहादुर के.सी. वि. नेपाल सरकार |
| २०. | जबरजस्ती करणी | नेपाल सरकार वि. रामराजा नेपाली |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पूर्ण कुमारी पुडासैनीसमेत |
| **इजलास नं. ५** | | **१५ - १९** |
| २२. | खोटा चलन | नेपाल सरकार वि. बाबुराम गिरीसमेत |
| २३. | अन्त:शुल्क | आन्तरिक राजस्व कार्यालय, विराटनगर वि. रमेशकुमार शर्मा |
| २४. | लागु औषध खैरो हिरोइन | उमेशप्रसाद चौधरी वि. नेपाल सरकार |
| २५. | लागु औषध हिरोइन | उमेशप्रसाद चौधरी वि. नेपाल सरकार |

| इजलास नं. ६ | | १९ - २१ |
|---|---|---|
| २६. | कर्तव्य ज्यान तथा जातीय भेदभाव | गोविन्दबहादुर शाही वि. नेपाल सरकार |
| २७. | सवारी ज्यान | नेपाल सरकार वि. देवनारायण यादवसमेत |
| **इजलास नं. ७** | | **२१ - २६** |
| २८. | भ्रष्टाचार | नेपाल सरकार वि. मुकुन्द मरर |
| २९. | भ्रष्टाचार | नेपाल सरकार वि. किशोरी रामसमेत |
| ३०. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. महेश बानियाँसमेत |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमबहादुर थापा |
| **इजलास नं. ८** | | **२६ - २९** |
| ३२. | उत्प्रेषण / परमादेश | महेशकुमार यादव वि. रीनाकुमारी रायसमेत |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुमन राई |

| | | |
|---|---|---|
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामकुमार गौतम |
| ३५. | उत्प्रेषण / परमादेश | रमेशचन्द्र पौडेल वि. सूचना तथा सचार मन्त्रालय, सिंहदरबारसमेत |
| ३६. | उत्प्रेषण / परमादेश | एजेन्ट न्यासुर वि. राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वरसमेत |
| **इजलास नं. ९** | | **२९ - ३२** |
| ३७. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. शंकरराज तिमिल्सिना |
| ३८. | गोबध | नेपाल सरकार वि. रूकमागत धिमिरेसमेत |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किसनलाल मुखिया |
| **इजलास नं. १०** | | **३२ - ३४** |
| ४०. | कर्तव्य ज्यान | हरि किसुन महतो वि. नेपाल सरकार |
| ४१. | कर्तव्य ज्यान | नइन्द्रबहादुर राई वि. नेपाल सरकार |
| ४२. | कर्तव्य ज्यान | सन्तबहादुर श्रेष्ठ वि. नेपाल सरकार |
| **इजलास नं. ११** | | **३४ - ३६** |
| ४३. | कर्तव्य ज्यान | संघर्ष गाउले खत्री वि. नेपाल सरकार |
| ४४. | बन्दी प्रत्यक्षीकरण | फुलमाया कार्की वि. देउती पौडेलसमेत |
| **इजलास नं. १२** | | **३६ - ३८** |
| ४५. | अंश चलन | विक्रम राणासमेत वि. माधव विक्रम राणा |
| ४६. | कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | सन्तबहादुर चेपाङ वि. नेपाल सरकार |
| **इजलास नं. १३** | | **३९ - ४०** |
| ४७. | निषेधाज्ञा | विन्देश्वर साह वि. चित्रसेन साह तेली |
| ४८. | उत्प्रेषण | प्रकाश लामिछानेसमेत वि. जिल्ला शिक्षा कार्यालय दाङसमेत |
| ४९. | बहुविवाह | नेपाल सरकार वि. शोभा गहतराज |

| इजलास नं. १४ | | | ४० - ४१ |
|---|---|---|---|
| ५०. | उत्प्रेषण | अनु प्रधान राना वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत | |
| इजलास नं. १५ | | | ४१ - ४३ |
| ५१. | उत्प्रेषण | राजेश धिताल वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत | |
| ५२. | उत्प्रेषण / परमादेश | मोहन खड्का वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | |

| एकल इजलास | | | ४३ - ४४ |
|---|---|---|---|
| ५३. | उत्प्रेषण / परमादेश | कञ्चनकृष्ण न्यौपाने वि. राष्ट्रपतिको कार्यालय, शीतलनिवाससमेत | |
| ५४. | उत्प्रेषण | भैरवबहादुर पाण्डे वि. दिलबहादुर कार्कीसमेत | |
| ५५. | उत्प्रेषण / परमादेश | मथुराप्रसाद ठाकुरसमेत वि. उच्च अदालत जनकपुर, धनुषासमेत | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०२८५, उत्प्रेषण / परमादेश, *गोपालप्रसाद गौतम वि. प्रशासकीय अदालत सिंहदरबारसमेत*

कर्मचारीहरू आफ्नो पदिय दायित्व र कर्तव्यप्रति उदासिन नहुन भनी उनीहरूलाई जिम्मेवार र उत्तरदायी बनाउन विधायिकाले ९० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित हुन नहुने बन्देज लगाएको हो । त्यसको उल्लङ्घन भएमा विभागीय कारबाहीस्वरूप सेवाबाट हटाउने आधार हुने स्पष्ट कानूनी व्यवस्था भएको देखिन्छ । उक्त आधारबाट लामो समयसम्म कार्यालयमा अनुपस्थितिपश्चात् पनि निवेदकको सेवा कायम राखी राख्नु पर्ने कुनै कानूनी र नैतिक आवश्यकता नरहने।

फौजदारी अभियोगमा सजाय पाई कैदमा बसेकाले सो अवधिमा कार्यालयमा अनुपस्थित रहन पाउने अधिकार कुनै पनि कानूनले निवेदकलाई प्रदान गरेको देखिँदैन । यसका साथै निजामती सेवा ऐन, २०४९ को दफा ६१ क को उपदफा ३ मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी अवधि अनुपस्थित हुने कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराउन सकिने छैन" भन्ने कानूनी व्यवस्था रहेको हुँदा निवेदकले कर्तव्य ज्यान मुद्दामा १० वर्ष कैदको सजाय पाएको र बिदा स्वीकृत नगराई अनुपस्थित हुन नहुने भनी कानूनले तोकेको अवधिभन्दा बढी समय कार्यालयमा अनुपस्थित भएको अवस्थाको विद्यमानतामा निवेदकको सेवाको निरन्तरता हुने कुनै कानूनी आधार देखिँदैन । प्रशासकीय अदालतको फैसलाले निवेदकको नैतिक पतनको स्थितिसम्म बदर भइसकेको देखिएकोमा सेवाबाट "बर्खास्त हुने सजाय कायम हुने" भन्ने वाक्य प्रयोग भएको कारणले मात्रै सम्पूर्ण कारबाहीको पुनः आदेश गर्नुपर्छ भन्न वा सो आधारमा विभागीय सजाय नै समग्रमा बदर हुनुपर्छ भन्न पनि न्यायोचित नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणबाट रिट निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी सूचना तथा मन्त्रालयबाट भएको मिति २०६९।५।११ को निर्णय, सोबमोजिम प्रकाशित सूचना तथा प्रशासकीय अदालतबाट मिति २०७०।३।६ मा भएको फैसलाबाट निवेदकको कुनै संवैधानिक तथा कानूनी हक हनन् भएको भन्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल असोज ५ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०३८९, उत्प्रेषण / परमादेश, *सुनिल रंजन सिंहसमेत वि. नेपाल सरकार*

बिना कुनै निर्वाचन दल विशेषको प्रतिनिधित्व गरी जन निर्वाचित पदाधिकारीबाट मात्र कानूनबमोजिम सञ्चालन हुनुपर्ने निकायको सञ्चालनको जिम्मा लगाउनु सर्वदलीय भए पनि उपयुक्त हुँदैन। स्थानीय निकायको निर्वाचन विहिनताको परिकल्पना संविधान तथा कानूनले गरेको देखिँदैन । स्थानीय निकाय सञ्चालनको प्रजातान्त्रिक आधार भनेको आवधिक निर्वाचन मात्रै हो । आवधिक निर्वाचनले मात्र जन निर्वाचित पदाधिकारीलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउने हुन्छ । जनताद्वारा निर्वाचित जन प्रतिनिधिद्वारा सञ्चालित हुनुपर्ने निकाय दलीय संयन्त्रद्वारा सञ्चालन गर्नु प्रजातान्त्रिक मूल्य मान्यताअनुरूप हुने देखिँदैन । यसले सही अर्थमा

जनताको हितको प्रतिनिधित्व गर्न पनि नसक्ने।

निवेदकले बदर घोषित गरिपाउँ भनी माग गरेको सर्वदलीय संयन्त्र गठनसम्बन्धी स्थानीय विकास मन्त्रालयको निर्णय हाल कायम नरही खारेज भइसकेको भन्ने देखिँदा उक्त निर्णय बदर गरिरहन परेन। तसर्थ निवेदन मागबमोजिमको आदेश जारी गर्नु नपरी प्रस्तुत रिट निवेदन खारेज हुने।

जननिर्वाचित प्रतिनिधिले सञ्चालन गर्नुपर्ने निकाय हालसम्म कर्मचारी संयन्त्रले चलाएको अवस्था देखिन्छ । कर्मचारी संयन्त्र पनि नोकरशाही प्रकृतिको भई यसले पनि जनताको सही प्रतिनिधित्व गर्न नसक्ने हुनाले सर्वदलीय संयन्त्रको विकल्पमा कर्मचारी संयन्त्र बनाउनु पनि औचित्यपूर्ण देखिँदैन । दुवैको विकल्प निर्वाचित निकायनै हो । निर्वाचित पदाधिकारीद्वारा सञ्चालित हुनुपर्ने राज्यका निकायलाई लामो समयसम्म यसरी भूमिकाविहिन बनाई राख्नु स्वच्छ प्रजातान्त्रिक अभ्यासविपरीत हुन जान्छ । विना निर्वाचित प्रतिनिधि स्थानीय निकाय सञ्चालित रहेको कारण आवधिक निर्वाचनमार्फत आफ्नो मताधिकार प्रयोग गरी जनप्रतिनिधि छनौट गर्ने जनताको अधिकारलाई राज्यले कुण्ठित गर्ने मात्र नभई स्थानीय स्तरमा हुनुपर्ने विकास निर्माण, योजना तर्जुमा, आर्थिक स्रोत परिचालनलगायत स्थानीय तहको विकास निर्माण कार्यले सही दिशानिर्देश गर्न नसक्ने।

वर्तमान संविधानले वृहत्तर अधिकारसहितको स्थानीय निकायको परिकल्पना गरेको छ। संविधानले संविधान सभाबाट रूपान्तरित व्यवस्थापिका-संसद्को कार्यकाल २०७४ माघ ७ गतेसम्म तोकिएको सन्दर्भमा सो अगावै स्थानीय तहलगायत संघीय संसद्को चुनाव सम्पन्न गर्नुपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था रहेको देखिन्छ। संविधानको उक्त व्यवस्था कार्यान्वयनकै लागी पनि यथाशीघ्र स्थानीय निकायको निर्वाचन गरिनु आवश्यक देखिन्छ। कुनै पनि बहानामा स्थानीय निकायको निर्वाचन गर्न विलम्ब गर्नु भनेको जनता वा प्रजातन्त्रको विरूद्ध कै षड्यन्त्र हुन जान्छ । जनतालाई रमिते वा निरिह ठानेर लामो समयसम्म जनप्रतिनिधिविहिन रूपमा स्थानीय निकाय सञ्चालन गर्नुले स्थानीय जनताले राज्यको उपस्थितिको अनुभूति गर्न सकिरहेका छैनन्। यसले सरकारप्रति जनताको अविश्वास बढाउने अवस्था सिर्जना गर्न मात्र मद्दत गर्ने।

उल्लिखित आधार कारणबाट निर्वाचित राजनीतिक नेतृत्वबाट सम्पादन गरिनु पर्ने काम कारबाही सर्वदलीय संयन्त्र वा कर्मचारीतन्त्रबाट सम्पन्न गर्नु उपयुक्त नहुने तथा दुवैको विकल्प निर्वाचित निकाय नै हुनाले वर्तमान संविधानको भावना, लोकतान्त्रिक पद्धतिको आवश्यकता, जनताको हितअनुकूल विकास आवश्यकता पूरा गर्ने प्रयोजनको लागिसमेत स्थानीय निकायको निर्वाचन प्रक्रिया थाल्नु, थाल्न लगाउनु भनी नेपाल सरकार र निर्वाचन आयोगसमेतको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः सुरेशराज खनाल
कम्प्युटर: अभिषेक कुमार राय
इति संवत् २०७२ साल मङ्सिर ७ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०६४६, उत्प्रेषण/परमादेश, *लक्ष्मण थपलिया वि. नेपाल सरकारसमेत*

विगतमा राजनीतिक दलहरूका प्रतिनिधि सम्मिलित संयन्त्र गठन गरी स्थानीय निकायको काम सञ्चालन भएको भए तापनि त्यस्तो संयन्त्रको काम, कर्तव्य, अधिकार र जिम्मेवारी के हुने भन्ने स्पष्ट किटान गरेको पाइँदैन । उक्त संयन्त्रभित्र सेवाग्राहीको प्रतिनिधित्व भएको देखिँदैन । राजनीतिक दलको सहभागितामा काम गर्दैमा स्थानीय निकायहरूमा जनताको प्रतिनिधित्व रहेको मान्न मिल्दैन। स्थानीय

निकायको प्रजातान्त्रिक आधार भनेको निर्वाचन हो । बिना निर्वाचित प्रतिनिधि कुनै दल विशेषको प्रतिनिधित्व गरी कानूनबमोजिम सञ्चालन हुने निकायको जिम्मा लगाउनु सर्वदलीय भएपनि उचित नहुने।

स्थानीय निकायको चुनाव नभएको अवस्थामा नेपाल सरकारले "अन्तरिम स्थानीय निकायको" गठन गर्नसक्ने परिकल्पना तत्कालीन संविधानले गरेको आधारबाट सर्वदलीय सहमतिमा आधारित संयन्त्र गठन गरिने कुरा उल्लेख भएपनि त्यसलाई स्थायी रूप दिने भनेको होइन । जनतालाई स्थानीयस्तरमा सुलभरूपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा समस्या देखिएमा त्यसको सम्बोधन हुन नसक्ने भन्न मिल्दैन । सर्वदलीय संयन्त्रबाट स्थानीय निकायको विकास निर्माण गर्न विनियोजन भएको रकमको व्यापक दुरूपयोग भएको भन्ने जनगुनासो आइरहेको कारण अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट समेत छानबिन भइरहेको भन्ने प्राप्त लिखित जवाफबाट देखिएको छ । सर्वदलीय संयन्त्रले गरेको निर्णयप्रतिको उत्तरदायित्व पनि किटान गरेको पाइँदैन। जनताप्रति उत्तरदायित्व बहन गर्नु नपर्ने यस्तो दलीय संयन्त्रद्वारा स्थानीय निकाय सञ्चालन हुनु सुशासन, पारदर्शिता एवम् जवाफदेहिताको हिसाबले पनि उचित देखिँदैन। यसका साथै स्थानीय निकायको निर्वाचन नभएसम्मको लागि ती निकाय के कसरी सञ्चालन गर्ने भन्ने विषय नेपाल सरकारको नीतिगत क्षेत्राधिकारभित्रको विषय भएको हुँदा नीतिगत कुरामा यस अदालतले हस्तक्षेप गर्न मिल्ने हुँदैन । नेपालको वर्तमान संविधानले तत्कालीन नेपालको अन्तरिम संविधान २०६३ ले परिकल्पना गरेजस्तो स्थानीय निकाय सम्बन्धमा छुट्टै व्यवस्था गरेकोसमेत नदेखिएकोले निवेदकले माग गरेजस्तो सर्वदलीय संयन्त्र बहाल रही रहने अवस्था नदेखिने।

तसर्थ उल्लिखित आधार कारणबाट निवेदकको मागबमोजिम सर्वदलीय संयन्त्र बहाल रहनु पर्ने कुनै कानूनी एवम् संवैधानिक आधार नभएकोले स्थानीय निकायसम्बन्धी सर्वदलीय संयन्त्र खारेज गर्नु भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।९।८ गतेको पत्र र सोही आधारमा सर्वदलीय संयन्त्र खारेज गर्ने स्थानीय विकास मन्त्रीको मिति २०६८।९।१९ को निर्णय बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल मङ्सिर ७ गते रोज २ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७०-CR-१६५६, कर्तव्य ज्यान, *कमलेश शर्मा वि. नेपाल सरकार*

एउटा सामान्य समझ भएको व्यक्तिले कोखाजस्तो मानिसको संवेदनशील अङ्गमा चक्कु जस्तो जोखिमी हतियारले प्रहार गर्दा मानिस मर्ला जस्तो देखिएको थिएन भन्न सुहाउने हुँदैन। लेनदेनको विषयमा विवाद भनाभन भई सोही विषयलाई लिएर पुनरावेदक प्रतिवादीले मृतक सर्फुद्दिन अन्सारीको कोखाजस्तो संवेदनशील अङ्गमा चक्कुजस्तो धारिलो र जोखिमी हतियारले प्रहार गरी हत्या गरेको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम जन्मकैदको सजाय हुने नै देखिँदा आत्मरक्षाको लागि चक्कु प्रहार गरेको भन्ने पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालत, पोखराको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा सदर हुने।

पुनरावेदक प्रतिवादीको उमेर, कसुर हुँदाको परिस्थितिसमेतलाई मध्येनजर गरी सुरू कास्की जिल्ला अदालतबाट निजलाई १० वर्ष मात्र कैद सजाय गर्न उपयुक्त हुने भनी राय व्यक्त भएकोमा

पुनरावेदन अदालत, पोखराले उक्त रायलाई सदर नगरी पुनरावेदक प्रतिवादीलाई जन्मकैदको सजाय हुने ठहर गरेकोतर्फ विचार गरी पुनरावेदक प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जान्छ कि भन्ने सम्बन्धमा हेर्नु पर्ने देखियो। यस सम्बन्धमा विचार गर्दा मृतक र पुनरावेदक प्रतिवादी दुवै व्यक्तिहरू विदेशी व्यक्ति रही रोजगारीका लागि नेपालमा आई बसेको भन्ने देखिएको, पुनरावेदक प्रतिवादी र मृतकबीच पूर्वरिसइवी रहेको भनी बुझिएका मानिसहरूले खुलाउन नसकेको, पुनरावेदक प्रतिवादी ३२ वर्षका उमेरदार व्यक्ति देखिएको, निजको पूर्वआचरण राम्रो थियो भनी निजका साक्षीले बकपत्र गर्दा खुलाई दिएका र निजको पूर्वआचरणको सम्बन्धमा प्रश्न उठ्न नसकेको अवस्था र घटना हुँदाको परिस्थितिसमेतलाई विचार गर्दा निजलाई कैद वर्ष १५ (पन्ध्र) मात्र गर्न उपयुक्त देखिएकाले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम पुनरावेदक प्रतिवादी कमलेश शर्मालाई कैद वर्ष १५ (पन्ध्र) मात्र सजाय हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल जेठ ६ गते रोज ५ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७०-CR-०३८१, कर्तव्य ज्यान, *टेकबहादुर कुर्मी वि. नेपाल सरकार*

मौकाको बयान करकापमा परी गरेको भनी जिकिर लिने व्यक्तिले नै सो कुराको पुष्टि गर्नुपर्ने भनी प्रमाण ऐन, २०३१ को दफा २७ ले जिकिर लिने व्यक्तिलाई नै दायित्व सुम्पेको छ । तर पुनरावेदक प्रतिवादीले त्यस्तो ठोस प्रमाण पेस गर्नसकेको देखिएन । प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार मौकामा कसुरमा साबित रही बयान गर्दा आफूले भनेको र गरेको कुरा बुझ्न नसक्ने अवस्थामा रहेको थिएँ भनी पुनरावेदक प्रतिवादीले भन्न सकेको अवस्थासमेत देखिँदैन। प्रहरीले कुटपिट गरी साबिती बयान लेखाएका भनी जिकिर लिए पनि पुनरावेदक प्रतिवादीले घाजाँच गराएर कुटपिट भएको भन्ने भनाईलाई पुष्टि गर्नसमेत सकेको देखिएन । जाहेरवालाको जाहेरी, मौकामा बुझिएका जडाउती कुर्मीसमेतका व्यक्तिले मौकामा गरेको कागज तथा अदालतसमक्ष उपस्थित भई गरी दिएको बकपत्रसमेत रहेको मिसिलबाट देखिँदा त्यस्तो प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिने।

आफ्नी श्रीमतीले परपुरूषसँग अनैतिक सम्बन्ध राखेको भन्ने सम्बन्धमा पहिलेदेखि नै सुन्दै आएका र वारदात घट्नुभन्दा केही समयपहिले खेतमा आफ्नी श्रीमती भएको ठाउँबाट मानिस भागेको देखेपछि आफूले सुनेका कुरा सत्य रहेछन् भन्ने सोची तत्काल आवेशमा आई खेतको डीलमा रहेको इँटाले श्रीमतीलाई हानेको र निजको घाँटी थिची मरेपछि पोखरीमा फाली झारपातबाट छोपी दिएको भनी पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई उल्लिखित तथ्य एवम् प्रमाणबाट समर्थित गरेको देखिँदा पुनरावेदक प्रतिवादीले नै मृतक मीरा कुर्मीको हत्या गरेका हुन् भन्ने देखियो । आफ्नै श्रीमतीलाई कर्तव्य गरी हत्या गरी फालेको देखिँदा अभियोगबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा गरी रहन नपर्ने हुँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल जेठ ६ गते रोज ५ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-०७७६ र ०६९-CR-०८९०, लागु औषध सेतो हेरोइन, *शर्मिला तामाङ वि. नेपाल सरकार, कुलबहादुर तामाङ वि. नेपाल सरकार*

फौजदारी मुद्दामा कसुरदार प्रमाणित गर्ने दायित्व वादी पक्षको भए पनि लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ अनुसार कसैबाट कुनै लागु पदार्थ फेला परेमा निजले सो पदार्थ कानूनबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले नै पेस गर्नुपर्ने, पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने भन्ने व्यवस्था गरी प्रमाणको भार प्रतिवादीमा राखिएको हुँदा लागु औषधसम्बन्धी अपराध निरपेक्ष दायित्वअन्तर्गत पर्ने अपराध मानिन्छ । यस्तो निरपेक्ष दायित्वअन्तर्गत पर्ने अपराधमा जसबाट लागु औषध बरामद भएको छ, निजले सो लागु औषध कानूनबमोजिम प्राप्त गर्न वा राख्न पाउने हो भनी तथ्ययुक्तरूपमा प्रमाणित गर्न सक्नु पर्छ। यसरी उल्लिखित कानूनी व्यवस्थाअनुसार आफू निर्दोष रहेको प्रमाण पुऱ्याउने भार प्रतिवादीमा नै निहित रहेकोमा सोअनुसार पुनरावेदक प्रतिवादीले तथ्ययुक्त प्रमाण प्रस्तुत गरी आफू निर्दोष रहेको कुरा प्रमाणित गर्नसकेको पाइएन । केवल उक्त कसुरमा मेरो संलग्नता रहेको थिएन वा छैन भनी दाबी लिएकै आधारमा फौजदारी कसुरबाट उन्मुक्ति नपाउने।

वादी पक्षबाट कसुर प्रमाणित गर्न नसकेको भन्ने पुनरावेदक प्रतिवादीको जिकिर रहेतर्फ हेर्दा बरामदी मुचुल्का र सो मुचुल्काको रोहबरमा सही गर्ने तथा उक्त मुचुल्का तयार गर्ने व्यक्तिको बकपत्र, नमूना परीक्षण प्रतिवेदन र सो प्रतिवेदन तयार गर्ने विषेशज्ञको बकपत्रसमेतबाट अभियोगपत्रमा खुलाइएको व्यहोरालाई समर्थन गरी रहेको हुँदा वादी पक्षबाट दाबी पुष्टि हुन नसकेको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ६ गते रोज ५ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०५०२, ०६८-CR-०७२५ र ०६८-CR-०७८१, *कर्तव्य ज्यान, नेपाल सरकार वि. शिवचन्द्र राय यादव, राजकिशोर राय यादव वि. नेपाल सरकार र शिवचन्द्र राय यादव वि. नेपाल सरकार*

जाहेरवालाले पुनरावेदक प्रतिवादीसँगको पूर्वरिसइवी कै कारण मृतकको हत्या भएको भनी दिएको किटानी जाहेरी र निजको बकपत्र, प्रत्यक्षदर्शी धर्मेन्द्रकुमार र नागेन्द्र राय यादवको मौकाको कागज र बकपत्र, अन्य बुझिएका मानिसहरूको भनाइसमेतका प्रमाणहरूबाट प्रस्तुत वारदातमा पुनरावेदक प्रतिवादी शिवचन्द्र राय यादवको उपस्थिति र संलग्नता रहेको भन्ने पुष्टि भएको हुँदा निजलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम सजाय नभई निज पुनरावेदक प्रतिवादी शिवचन्द्र राय यादवको संलग्नता र कार्यको आधारमा निजलाई ऐ. ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुने ठहर गरी फैसला भएको हुँदा सो फैसला उल्टी गरी पूर्ण सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। साथै यस अदालतबाट विपक्षी झिकाउँदा लिएको आधारसँग पनि सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालतको फैसलालाई अन्यथा गरी रहन नपर्ने हुँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल जेठ ५ गेत रोज ४ शुभम्।

## इजलास नं. १

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RC-००७३, कर्तव्य ज्यान,

*नेपाल सरकार वि. लाप्साङ शेर्पा*

मिसिल संलग्न जाहेरी दरखास्त एवम् विभिन्न व्यक्तिहरूको वस्तुस्थिति मुचुल्काबाट मृतक २ वर्षदेखि बिरामी भई थला परेकोसमेत देखिन्छ । घटना विवरण कागजका सबै मानिसहरूले यी प्रतिवादी र मृतकबीच समयसमयमा झैझगडा हुने गरेको भनी उल्लेख गरिदिएको देखिन्छ । तसर्थ, घरमा मृतक र निजकी आमा यी प्रतिवादीबाहेक अरू कोही नभएको र मृतकको टाउकोलगायत शरीरका विभिन्न अङ्गमा चोटपटक देखिएको अवस्थामा सोही चोटपटकले गर्दा निमा नोर्बु शेर्पाको मृत्यु भएको पुष्टि हुन आउने ।

जाहेरी दरखास्तलाई समर्थन हुने गरी जाहेरवालाको अदालतसमक्ष भएको बकपत्र, घटना विवरणका मानिसहरूको व्यहोरा र सोलाई समर्थन हुने गरी अदालतसमक्ष भएको बकपत्र र लासजाँच मुचुल्काबाट मृतकको शरीरमा देखिएका चोटहरू समेतबाट प्रतिवादी लाप्साङ शेर्पाले मृतकसँग भएको झगडामा निजलाई कुटपिट गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं.मा उल्लिखित कसुर भएकोले ऐ.१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने देखिन आउने ।

प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने राय व्यक्त भएकोमा सोतर्फ विचार गर्दा मृतक दीर्घ रोगी भएको, मृतक प्रतिवादीको छोरा भएको र छोराको मृत्यु भएको पीडा निजलाई समेत पर्ने नै हुन्छ । यसका साथै निजहरूबीच कुनै पूर्वरिसइबीसमेत रहेको देखिँदैन । वारदात घटाउनको लागि कुनै योजना बनाएको वा कुनै जोखिमी हातहतियारसमेत प्रयोग भएको देखिँदैन । निज अनपढ महिला भएको सामान्य कुटपिट हुँदा छोराको मृत्यु भएकोले सोलाई लुकाउनको लागि घरमा खाल्टो खनी पुरेको र छोरा हरायो भनी गाउँमा हल्ला फिँजाएको देखिन्छ । वारदात हुँदाको सम्पूर्ण परिस्थितिलाई विचार गर्दा सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने गरी राय व्यक्त भएको पुनरावेदन अदालत, पाटनको फैसला न्यायसङ्गत देखिएकोले अन्यथा गरिरहनु नपर्ने ।

अतः उल्लिखित आधार कारण, प्रमाण एवम् विवेचनासमेतको आधारमा प्रतिवादी लाप्साङ शेर्पालाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको नुवाकोट जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।०८।०७ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७२ साल फागुन १४ गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-१४६९, कर्तव्य ज्यान, *धनसरा रावल वि. नेपाल सरकार*

आफ्नै नाबालक छोरा र छोरीलाई माइत जाने क्रममाबाटोमा नै भिरबाट लडाई कर्तव्य गरी मार्ने कार्यमा यी प्रतिवादीको मात्र संलग्नता रही निजको कर्तव्यबाट नाबालक छोरा र छोरीको मृत्यु भएको हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू अछाम जिल्ला अदालतको फैसला

सदर गरेको पुनरावेदन अदालत, दिपायलको फैसला अन्यथा देखिन नआउने।

प्रतिवादीले श्रीमान् र सासुसँग भएको झगडाका निहुँमा आफ्नै नाबालक छोरा र छोरीलाई भिरबाट लडाई हत्या गरेको देखिन्छ। अन्य व्यक्तिसँग भएको झगडाको निहुँमा झगडा भएको एक दिनपछि आफ्नै नाबालक छोरा र छोरीलाई घरबाट धेरै टाढा पुऱ्याई भिरबाट फ्याली कर्तव्य गरी मारेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको अवस्था रहेको हुँदा सजायमा कमी वा छुट पाउँ भनी यी पुनरावेदक प्रतिवादीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वारदातको घटनाक्रमसम्बन्धी मिसिल संलग्न तथ्यहरूबाट प्रतिवादी धनसरा रावल आफ्नो सासु र पतिबाट पटकपटक प्रताडित भई घरेलु हिंसाबाट पीडित भएको अवस्थासमेतबाट आफूले जन्म दिएका २ वर्ष र ३ महिनाका अवोध नाबालक छोरा र छोरीको हत्या गर्ने निर्णयमा पुगेको देखिन्छ । यी प्रतिवादीले आफैँले जन्म दिएका नाबालक छोरा र छोरीलाई मार्नु पर्ने निजको अन्य कुनै कारण देखिँदैन । यसरी परिवारको निरन्तरको हिंसात्मक यातना खप्न नसकेर आफू मर्ने विचार गरेकी र आफू मरेपछि बच्चाहरू समेत अलपत्र पर्लान् भन्ने मातृत्व भाव जागृत हुन गई छोरा र छोरीको हत्या गर्न पुगेको समग्र वारदातको परिस्थितिसमेतलाई विचार गर्दा प्रतिवादी धनसरा रावललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद सजाय गर्नु मनासिब हुने भनी पुनरावेदन अदालत, दिपायलले व्यक्त गरेको रायसमेत मनासिब नै देखिँदा उक्त रायसमेत सदर हुने।

तसर्थ उल्लिखित तथ्य, कानून र विवेचित आधार र कारणसमेतबाट प्रतिवादी धनसरा रावललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू अछाम जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद सजाय हुने भनी राय व्यक्त गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०७०।८।१२ को फैसला मिलेकै देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक १२ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-RC-००१९ र ०७१-CR-०२९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पदमबहादुर क्षेत्री र पदमबहादुर क्षेत्री वि. नेपाल सरकार*

मौकाको घटनास्थल लास प्रकृति विवरण एवम् शव परीक्षण प्रतिवेदनसमेतबाट मृतकको टाउकोमा दुईवटा चोट एउटा ७ से.मि. लम्बाई र अर्को ८ से.मि. लम्बाईको देखिएको तथा शवपरीक्षण प्रतिवेदनमा मृत्युको कारण Head Injury भनी उल्लेख भएको मिसिल संलग्न प्रमाणबाट प्रतिवादीको बयान व्यहोरा समर्थित भएको देखिँदा मृतकको मृत्यु प्रतिवादीले टाउकोमा हानेको चोटको कारणबाट भएको देखिएकाले पदमबहादुर क्षेत्रीलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई स्याङ्जा जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पोखराले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

अतः प्रतिवादीले आफ्नो छोरालाई कटुसको लाठीले टाउकोमा पटकपटक प्रहार गरी सोही चोट पीडाको कारण मृतक श्यामबहादुर क्षेत्रीको मृत्यु भएको प्रमाणहरूबाट पुष्टि हुन आएकोले निज पुनरावेदक प्रतिवादी पदमबहादुर क्षेत्रीलाई ज्यानसम्बन्धी महलको

१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू स्याङ्जा जिल्ला अदालतको मिति २०७०।२।६ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । साधक सदर हुने ।

प्रतिवादी पदमबहादुर क्षेत्रीलाई अ.बं. १८८ नं. अनुसार ५ वर्ष कैद सजाय हुन व्यक्त गरेको रायको सम्बन्धमा प्रतिवादीले मौकाको गरेको बयान तथा अदालतमा गरेको बयान व्यहोरामा समेत कटुसको लौराले मृतक छोरालाई टाउकोमा हानेको स्वीकार गरेर अनुसन्धान तथा अदालती प्रक्रियालाई समेत सरल बनाएको देखिन्छ । कसुरबाट बच्न उम्कन चाहने र कसुरलाई जस्ताको त्यस्तै बताइदिने प्रतिवादीका बीचमा इन्साफको रोहमा केही विभेद हुन सक्ने अवस्थालाई पनि इन्कार गर्न नसकिने ।

वारदातपश्चात् तत्काल घाइतेको उपचारका लागि स्थानीय सेतिवेनीबाट स्वास्थ्यकर्मी झिकाएर उपचार गराएको देखिन्छ । आफ्नो श्रीमती तथा मृतकको आमाका बीचमा झगडा भएका कारण आफ्नो श्रीमती रगताम्य भएकोदेखि आफूसँग हातमा भएको कटुसको लाठाले कुटपिट गरेको र निजको उमेर ६८ वर्ष भएको देखिनुका साथै मृतक र प्रतिवादी बाबु छोराको नाता भएको देखिनुका साथै निजको छोरा मार्ने मनसाय, नियत, योजना भएको देखिँदैन । वारदातअगाडि कुनै कसुरमा प्रतिवादी संलग्न रहेको भन्ने नदेखिनुको साथै मृतकले गरिएका क्रियाकलापको कारणले वारदात घटाउन अभिप्रेरित गरेको भन्ने नै देखिन्छ । वारदात घटाउँदा मृतक आफैँले आमा बिरामी हुँदा दिएको रगतसमेत मागेर अनावश्यक निउ खोजी हैरानी गरिनुका साथै मृतकको आमाप्रति गरिएको असामान्य व्यवहारबाट प्रतिवादी तत्काल केही गर्न बाध्य भई वारदात घट्न गएको र भवितव्य हो कि भन्ने जस्तो देखिँदा माग दाबीबमोजिम सजाय गर्दा चर्को पर्नसक्ने चित्तमा लागेकोले प्रतिवादी पदमबहादुर क्षेत्रीलाई अ.बं. १८८ नं. अनुसार ५ वर्ष कैद सजाय हुनका लागि सुरू जिल्ला अदालतबाट पेस भएको रायलाई पुनरावेदन अदालत, पोखराले सदर गर्ने गरी भएको रायसमेत अन्यथा भन्न सक्ने अवस्था नरही मनासिबै रहेको देखिने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल मङ्सिर १ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-१०३९, कर्तव्य ज्यान, *गम्भीर चन्द वि. नेपाल सरकार*

जाहेरवाला नरबहादुर चन्दको जाहेरी दरखास्त व्यहोरामा प्रतिवादी गम्भीरबहादुर चन्दले दाउराको चिरपटले मृतकको टाउकोमा हान्दा मृतकको मृत्यु भएको भन्ने उल्लेख भएको शव परीक्षण प्रतिवेदनबाट (Cause of death) मृत्युको कारण Head Injury (Epidural hematoma) भन्ने उल्लेख हुनुको साथै मिति २०६९।४।२७ गते बेलुका जाहेरवाला नरबहादुर चन्द, धनबहादुर चन्दसमेत घरमा खाना खाने योजनाअनुसार घरमा बसेको अवस्थामा मृतक लोकेन्द्रबहादुर चन्द राति २१:३० बजेको समयमा रक्सी सेवन गरी घरमा आई घोडा हरायो तिमीहरूले पाटी गरेर बस्ने मलाई नबोलाउने भनी गाली गर्दै भित्र आयो । सम्झाउन खोज्दा नमानेपछि नजिकै रहेको दाउराको चिरपटले मृतकको टाउकोमा दुइपटक हाने । मैले मृतकको गाली सुनी नजिकै मेरा श्रीमती र बच्चासमेत रहेको अवस्थामा रिस थाम्न नसकी हानेको हुँ । सोही चोटले मृतक सिँढीमा लडि तल भैंसी बाँध्ने किलामा परेपछि हामी सबैजना मिली मृतकलाई समाती रातिको समयमा रक्सीको नसामा थियौं । टाउकोको चोट देखेनौं । मृतकलाई मेरो माथिल्लो घरमा मैले लगी सुताएको हुँ । बिहान हामीले

हेर्दा अचेत अवस्थामा थियो । पछी उपचारको लागी लैजाने भनी सल्लाह गर्न गाउँघरमा खबर गर्दा मिति २०६९।४।२८ गते दिउँसो १२:०० बजे मृत्यु भएको हो भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष साबिती बयान गरेको पाइन्छ । प्रतिवादीको सो भनाईलाई घटनाका प्रत्यक्षदर्शी (Eye Witness) धनबहादुर चन्द र जाहेरवाला नरबहादुर चन्दले समर्थन हुने गरी मौकामा व्यक्त गरेको पाइन्छ भने घटनास्थल लासजाँच मुचुल्काले समेत घटनालाई पुष्टि गरेको परिप्रेक्ष्यमा मृतक लोकेन्द्रबहादुर चन्दको मृत्यु प्रतिवादीले निज मृतकको टाउकोमा चिरपट दाउराले हानि लडाएको कारणबाट भएको हो भन्ने कुरामा शङ्का गर्नुपर्ने अवस्था नदेखिने ।

भवितव्य वा दुर्घटनाको अर्थ आकस्मिक घटना वा आशयरहित अप्रत्यासित कार्य हो भन्न सकिन्छ। भवितव्यबाट घटना घट्न गएको भन्ने जिकिर लिनेले सो कार्य दुर्घटना थियो । आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन, कानूनी साधनअनुसार कानूनी कार्य भएको थियो र काम गर्दा उचित सतर्कता र सावधानी राखिएको थियो भन्ने प्रमाणित गर्नुपर्छ । एउटा कामको निमित्त सावधानीसँग हातहतियार उठाएकोमा केही व्यहोराले अरूलाई लाग्न गएको भवितव्य हुन्छ । त्यस्तै होस नपुऱ्याई वा हेलचक्र्याई गरी कुनै काम गर्दा भवितव्य परेकोलाई लापरवाही Recklessness र उपेक्षा Negligence पूर्ण कार्यबाट भएको भवितव्य मानिएको छ। रक्षा शिक्षा गर्नेले (बाबु, आमा, गुरु आदिले) मर्नेको हितको निमित्त कुटपिट वा अरू कुनै काम कुरा गर्दा मरेकोलाई भवितव्य मानिएको छ। तर प्रस्तुत मुद्दा ज्यानसम्बन्धी महलको ५ नं. को कानूनी व्यवस्थाअनुसारको भवितव्य भएको नदेखिने।

प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको इविलाग नभएको, पूर्वरिसइवी मनसाय र आपराधिक मनसाय नदेखिए तापनि मृतकले हराएको घोडा खोज्न सहयोग नगरेको भनी राति प्रतिवादीको घरमा गई निजको श्रीमती, छोरा र साथमा रहेका जाहेरवाला नरबहादुर चन्द र धनबहादुर चन्दको अगाडि गाली गलौज गरी सम्झाउँदासमेत नमान्दाको अवस्थामा मृतकको कार्यबाट प्रतिवादीलाई तत्काल रिस उठी रिस थाम्न नसकी नजिकै रहेको चिरपट दाउराले मृतकको टाउको जस्तो संवेदनशील ठाउँमा दुई चोट हानि लडाई सोही चोटपिरबाट मिति २०६९।४।२८ गते दिउँसो १२:०० बजे मृतक लोकेन्द्रबहादुर चन्दको मृत्यु भएको हुँदा प्रतिवादीको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को परिभाषा नै आकर्षित भएको देखिँदा सुरू बैतडी जिल्ला अदालतले ज्यानसम्बन्धी महलको १ नं.विपरीत ऐ १४ नं. को कसुरमा ऐ १४ नं. बमोजिम प्रतिवादी पुनरावेदकलाई १० (दश) वर्ष कैद हुने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिँदा सदर हुने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल मङ्सिर १ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-१०५१ र ०७१-CR-१२६६, कर्तव्य ज्यान, *प्रेमबहादुर पुन वि. नेपाल सरकार र नेपाल सरकार वि. प्रेमबहादुर पुन*

मृतक र प्रतिवादी लोग्ने स्वास्नी नाता भएको देखिन्छ । मृतकको ज्यान लिनुपर्ने गरी मृतकसँग प्रतिवादीको कुनै पूर्वरिसइवी रहेको तथ्य वादी पक्षबाट पुष्टि हुनसकेको देखिँदैन । मृतकलाई मार्नका लागि प्रतिवादीले कुनै किसिमको योजना, षड्यन्त्र गरेको वा मनसायलाई कार्यरूप दिन तयारी गरेको कुनै तथ्य स्थापित भएको छैन । वारदातका चश्मदिद् व्यक्ति नन्दलाल पुन र पार्वती

पुनको बकपत्रबाट मृतकले प्रतिवादीलाई निजको छोरीसँग अनैतिक सम्बन्ध राखेको आरोप लगाएको कारणसमेतबाट मृतक उत्तेजित भई कुटपिट गरेको देखिन्छ। प्रतिवादीकै साबिती बयानमा पनि मृतकको मुख र गालामा कुटपिट गर्दा मृतक खटियाको कुनामा भित्तासँग ठोकिन जाँदा मृतकको मृत्यु भएको भन्ने उल्लेख भएबाट पनि मार्ने मनसायले कुटपिट गरी प्रतिवादीले मृतकलाई मारेको नभई मृतकले आफ्ना छोरीसँग अनैतिक सम्बन्ध राखेको भनी दोष लगाएको कारणबाट प्रतिवादी आवेशमा आई मृतकलाई कुटपिट गरेको र सोही कुटपिटका कारण मृतकको मृत्यु हुन गएकोले प्रस्तुत वारदातका सम्बन्धमा ज्यानसम्बन्धी महलको १३(३) नं. आकर्षित हुने अवस्था नहुँदा नेपाल सरकारको पुनरावेदन जिकिर पुग्नसक्ने अवस्था देखिन नआउने।

आफ्नै श्रीमती बीना पुनले आफूउपर छोरीसित अनैतिक सम्बन्ध राखेको भनी आरोप लगाएको कारणबाट प्रतिवादी उत्तेजित भई तत्काल उठेको रिस थाम्न नसकी मृतकलाई कुटपिट गरी घचेट्दा खटियाको कुनामा भित्तासँग ठोक्किँदा मृतक बीना पुनको मृत्यु हुन गएको पुष्टि भइरहेको हुँदा प्रस्तुत मुद्दामा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने।

अत: सुरू रोल्पा जिल्ला अदालतले प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी मिति २०७१।३।१८ मा गरेको फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी गरी प्रतिवादी प्रेमबहादुर पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैदको सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, दाङ तुल्सीपुरले मिति २०७१।९।७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

इति संवत् २०७३ साल मंसिर ३० गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-१५२६, विना इजाजत गैरकानूनी तरिकाले वन्यजन्तुको आखेटोपहार लुकाई छिपाई राखेको, *तुलाराम राई वि. नेपाल सरकार*

मूलत: बरामद भएको वस्तु आफ्नो निवास वा आफ्नो घर कोठाबाट बरामद भएको कुरालाई अन्यथा प्रमाणको अभावमा प्रतिवादीको इन्कारी बयानलाई मात्र निर्दोषिताको आधार मान्न सकिने हुँदैन। यसरी प्रतिवादीको इन्कारी बयान अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुनसकेको नदेखिँदा सो इन्कारी बयानकै आधारमा मात्र यी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न मिल्ने नदेखिने।

प्रतिवादी तुलाराम राईले अनुसन्धानका क्रममा र मुद्दा हेर्ने अधिकारीसमक्ष इन्कारी बयान गरे तापनि बरामद भएको भनिएको वन्यजन्तुको आखेटोपहार निजको घरबाट बरामद भएको कुरालाई स्वीकार गरेका र अन्यथा भन्न सकेको पाइँदैन। आफ्नो घरबाट बरामद भएको अवैध मालवस्तु अन्य कसैले ल्याएर राखिदिएको हुनसक्छ भनी उल्लेख गरे तापनि को कसले कसरी ल्याएर राखेका हुन् भनी प्रमाण ऐन, २०३१ को दफा २७बमोजिम प्रमाणित गराउन सकेका छैनन्। यसरी निजको घरबाट बरामद भएका वन्यजन्तुका अवैध आखेटोपहार निजको घरबाट बरामद भएको तथ्य अनुसन्धानको क्रममा सङ्कलित मिसिल संलग्न प्रमाण कागजद्वारा सिलसिलेबार रूपमा पुष्टि भएको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार, कारण र कानूनी व्यवस्थाबाट प्रतिवादी तुलाराम राईलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १८(२) र १९(१) को कसुरमा सोही ऐनको दफा २६ (१) बमोजिम ७ वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने ठहर गरेको जिल्ला वन

कार्यालय मोरङको फैसला केही उल्टी हुने ठहऱ्याई निजको उमेर अवस्थासमेतलाई दृष्टिगत गरी ५ वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।११।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल कार्तिक ७ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CI-०३८६, ०५४४, मानाचामल भराई पाउँ, *निरू महर्जन प्रजापति वि. महेश महर्जन, महेश महर्जन वि. निरू महर्जन प्रजापति*

सुरू अदालत निकाय वा अधिकारीले गरेको फैसला पुनरावेदन अदालतबाट केही वा पूरै उल्टी भएको अवस्थामा पनि मुद्दामा भएको कैद, सजाय, जरिवाना, बिगो र बिगो खुले नखुलेको कुरा हेर्नुपर्ने कुरा कानूनले निर्देश गरेको छ । उल्लिखित कुराहरूमध्ये यस मुद्दामा बिगोलाई हेर्नुपर्ने देखियो। सुरू अदालतले वादीले प्रतिवादीबाट रू.१५,०००।– मानाचामल भराई लिन पाउने ठहर गरेकोमा पुनरावेदन अदालतबाट केही उल्टी गरी रू.२०,०००।– भराई लिन पाउने ठहर गरेको छ, तर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा १ को खण्ड (ग)अनुसार पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो समावेश नभएको मुद्दामा केही वा पूरै उल्टी भए पनि यस अदालतमा पुनरावेदन लाग्ने नदेखिने।

अत: वादी प्रतिवादीले न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम उपचार माग गरेकोमा सोही दफामा उल्लिखित कानूनी व्यवस्थाले पुनरावेदन नलाग्ने देखिँदा तथ्यमा प्रवेश गरी न्याय निरूपण गर्न मिलेन। दायर भएका वादी प्रतिवादीको पुनरावेदन मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम खारेज हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ वैशाख २५ गते रोज २ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CI-११८६, उत्प्रेषण / परमादेश, *लीला देवी साह वि. मालपोत कार्यालय, मोरङ, विराटनगरसमेत*

निवेदकले दाता भरतचन्द्र पौडेलबाट उक्त जग्गा खरिद गरेको अवस्थामा नै घरसमेत खरिद गरेको भन्ने निवेदनबाट देखिन आउँछ भने जग्गा खरिद गरेपछि निवेदकले घर बनाएको भन्ने व्यहोरा निवेदनबाट देखिन आउँदैन। उक्त जग्गामा पहिलेदेखि घर भएको र उक्त घरसमेत विपक्षी भरतचन्द्र पौडेलले दूषित दर्ता गराएको भन्ने विपक्षी दुःखी पासवानको लिखित जवाफबाट देखिन्छ । यसरी मोरङ जिल्ला अदालतबाट यी निवेदकले भरतचन्द्र पौडेलबाट खरिद गरेको जग्गाको लिखत बदर भई विपक्षी दुःखी पासवानका नाममा मालपोत कार्यालयले फैसला कार्यान्वयनका क्रममा दा.खा. दर्ता गरी दिएको र सो फैसला अन्तिम भई यी निवेदकले पनि दाता भरतचन्द्र पौडेलउपर यसै फैसलाको आधार लिई राजिनामा गर्दा दिएको रकम भराई पाउँ भनी मोरङ जिल्ला अदालतमा फिराद दायर गरेको अवस्था देखिन आएको हुँदा निवेदकलाई पर्न गएको मर्काका सम्बन्धमा सुरू अदालतमा फिराद दायर गरी वैकल्पिक उपचारको बाटो अवलम्बन गरिसकेको अवस्था देखिन आउने।

कुनै सरकारी निकायबाट अधिकारक्षेत्रात्मक त्रुटि गरी निर्णय भएमा वा प्राकृतिक न्यायको

सिद्धान्तको विपरीत गरी निर्णय गरेको अवस्थामा उत्प्रेषणको आदेश जारी हुन सक्ने।

सुरू अदालतबाट भएको फैसला कार्यान्वयनको सिलसिलामा मालपोत कार्यालय मोरङले मोरङ जिल्ला अदालतको पत्रबमोजिम नै विपक्षी दुःखी पासवानको हक कायम हुन आएको जग्गा विपक्षी दुःखी पासवानको नाममा दर्ता गरिदिएको देखिन आएको र निवेदकको उक्त जग्गामा हक स्वामित्व कायम नरही आफूले किनेको जग्गाको लिखत बदर भएकोले घर र जग्गा खरिद गर्दा लागेको रकम भराई पाउँ भनी भरतचन्द्र पौडेलउपर मोरङ जिल्ला अदालतमा फिराद पत्र दायर गरी मुद्दा कारबाहीयुक्त अवस्थामा रहेको देखिन आएको हुँदा निवेदकले कानूनी उपचारको बाटो अवलम्बन गरिसकेको स्थितिमा स्वच्छ सुनुवाइको अधिकार कुण्ठित हुने गरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत मालपोत कार्यालयबाट निर्णय भएको भनी दाबी गरेकै आधारमा निवेदकको हकाधिकार कुण्ठित भएको भनी मान्न मिल्ने तथा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिन नआउने।

अतः निवेदकले निवेदनमा उल्लेख गरेको घर जग्गाको लिखत कच्चा ठहर भई अदालतबाट अन्तिम फैसला भएकोले निवेदकका दाता भरतचन्द्र पौडेलउपर निवेदकले खरिद गरेको घर जग्गाको रकम उल्लेख गरी लेनदेन मुद्दा अदालतमा दायर गरेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषण / परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन नआएको हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरले मिति २०७१।७।३ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०६९-CI-१०८६, निषेधाज्ञा, *हरिहर पासवान वि. जमुनादेवी पासवानसमेत*

निवेदकले आफ्नो नाउँमा दर्ता रहेको कि.नं. १२६७ मध्येको ज.वि. ०-१-१७ गाउँ ब्लकभित्रको जग्गामा विपक्षीहरूले घर बनाउने प्रवल सम्भावना भएकोले सो रोकी पाउन प्रस्तुत निषेधाज्ञाको निवेदन दिएको देखिन्छ। यसै सम्बन्धमा विपक्षीहरूले लिखित जवाफ लगाउँदा निजहरूले आफ्नो साबिक सनातनदेखि भोग चलन गरी आएको स्रेस्तासमेत प्राप्त गरेको जग्गामा घर बनाई बसोबास गरी आएका छौं। निवेदकको जग्गामा घर बनाउने अवस्था नै छैन भनी निवेदन दाबीलाई पूर्ण इन्कार गरी लिखित जवाफ फिराएको देखिन्छ। गाउँ ब्लकको जग्गामा जग्गा नाप जाँच गरी तथ्यभित्र प्रवेश गरी इन्साफको रोहबाट हेर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा निवेदकलाई आफूलाई परेको पिरमर्कामा वैकल्पिक उपचारको मार्ग रहेको प्रस्ट देखिने।

अतः उल्लिखित सिद्धान्त, विवेचित आधार कारणहरूबाट निवेदकले आफूलाई परेको पीरमर्काको सम्बन्धमा अन्य वैकल्पिक उपचारको मार्ग रहेको देखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजले मिति २०६८।१२।१९ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल भदौ ५ गते रोज१शुभम्।

- ०६९-CR-०८७७, अदालतको अवहेलना, *हरिहर पासवान वि. अनिल पासवानसमेत* भएको मुद्दामा पनि यसैअनुसार भएको छ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CR-०३४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भगवतपुरी खड्का*

कुनै पनि फौजदारी मुद्दामा प्रचलित कानूनबमोजिम अनुसन्धान पक्षले वस्तुनिष्ठरूपमा कसुर वा वारदातको विषयमा अनुसन्धान गरी सङ्कलित प्रमाणका आधारमा कसैकाउपर कुनै अभियोग लगाउने र त्यस्तो मुद्दा हेर्ने अधिकारप्राप्त अदालत वा निकायले पनि पेस भएका प्रमाणहरूको शङ्कारहित तवरले परीक्षण गरी मूल्याङ्कन गर्दा ठहरेबमोजिमको निर्णय गर्नुपर्ने हाम्रो फौजदारी न्याय प्रणालीको प्रमुख विशेषता हो । अदालतले प्राप्त प्रमाणहरूको परीक्षण एवम् मूल्याङ्कन गरी ती प्रमाणहरूले ठहरेबमोजिम मात्र न्याय निरूपण गर्नुपर्ने ।

प्रतिवादीले मृतकलाई मार्ने पर्ने भन्ने पूर्वरिसइवी वा वैमनस्यताको कारण प्रतिवादीले फलामको मुड्गोले प्रहार गरेको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणहरूबाट खुल्न आएको देखिँदैन । निज प्रतिवादीले मृतकलाई मार्छु नै भनी फलामको मुङरोले प्रहार गरेको होइन भनी बयान गरेको देखिएबाट मार्ने योजना, पूर्वरिसइवीको अभाव रहेको अवस्थामा मृतक सिकिन्दर झा (अघोरी) ले मन्त्र पढ्न थाले पछि वेशुरमा भई नजिकै रहेको फलामको मुड्गोले प्रहार गर्दा मृत्यु भएको देखिँदा उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अन्तर्गतकै देखिन आएकोले प्रतिवादी भगवतपुरी खड्कालाई १० (दश) वर्ष कैद हुने ठहऱ्याई मोरङ जिल्ला अदालतबाट मिति २०६९।६।२१ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।१०।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CR-०७७१, जबरजस्ती करणी, *दिलबहादुर खत्री वि. नेपाल सरकार*

वारदातका पीडितले आफूलाई प्रतिवादीले जबरजस्ती करणी नगरेको भए अकारण भन्नु पर्ने र आफ्नै छोरीको बेइज्जती हुने गरी जाहेरीवालीले झुट्टा व्यहोरा जाहेरी दिएको होला भन्ने तथ्य मिसिल संलग्न सबुद प्रमाणबाट समर्थित भएको पाइँदैन । यसरी पीडित, निजको आमा बेली वि.क. तथा तारासिंह आग्रीसमेतको कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, चिकित्सकको बकपत्रसमेतका मिसिल संलग्न कागजातबाट यी पुनरावेदक प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य शङ्कारहित तवरबाट समर्थित भएको पाइयो । अतः यी प्रतिवादीले पीडित साङ्केतिक नाम जि.प्र.का.दाङ ४ लाई आफूले करणी गर्ने मनसायले पीडितको घरको नजिकै खरबारीमा लगी जबरजस्ती करणी गरेको कसुर पुष्टि भई राखेकोले प्रतिवादी दिलबहादुर खत्रीले अभियोग दाबीबमोजिम जबरजस्ती करणीको कसुर गरेको ठहर्ने ।

जबरजस्ती करणीको अपराध सामान्य प्रकृतिको अन्य अपराधजस्तो होइन । जबरजस्ती करणीको अपराधमा पीडितको शारीरिक, मानसिक र मनोवैज्ञानिक जुन क्षति हुन्छ, त्यो अपूरणीय हुन्छ । यसबाट पीडितको स्वतन्त्र मानवीय अस्तित्व, मान, सम्मान र उसको व्यक्तिगत एवम् सामाजिक प्रतिष्ठा, मान–मर्यादा र मानवीय अस्मिता लुटिएको हुन्छ । उसको स्वतन्त्र अस्तित्व नै खण्डित भएको हुन्छ । त्यसमा पनि वर्ष ६ कि अबोध बालिकासित करणी गर्नु स्वयम्मा गम्भीर प्रकृतिको अपराधको श्रेणीमा

पर्ने । तसर्थ, अभियोग दाबीबमोजिम जबरजस्ती करणीको कसुर ठहर गरी प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद गरी सोही महलको १० नं. बमोजिम रू. १०,०००।- क्षतिपूर्ति पीडितलाई भराइदिने ठहर गरी भएको पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।७।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CR-०७६९, कर्तव्य ज्यान, *होमबहादुर के.सी. वि. नेपाल सरकार*

प्रतिवादी होमबहादुर के.सी.ले घाँटी थिची आमा साबित्रीदेवी के.सी लाई मारेको तथ्य स्थापित भएको हुँदा निज प्रतिवादी होमबहादुर के.सी. लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. तथा १३(३) नं. को विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७०।१२।१२ मा भएको फैसला सदर गर्ने पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।७।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रस्तुत घटनालाई केलाई हेर्दा मृतक र प्रतिवादीबीच सम्पत्तिसम्बन्धी विवादको सिलसिलामा आमासित झगडा भएकोले तत्काल घाँटी थिची मारेको भनी प्रतिवादीले मौकामा र अदालतसमक्ष बयान गरेको देखिन्छ । मृतकलाई मार्नै पर्ने भन्ने पूर्वरिसइवी वा वैमनस्यताको कारण प्रतिवादीले घाँटी थिची मारेको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणहरूबाट खुल्न आएको देखिँदैन । निज प्रतिवादीले मृतकलाई मार्छु नै भनी घाँटी थिची मारेको होइन भनी बयान गरेको देखिएबाट मार्ने योजना, पूर्वरिसइवीको अभाव रहेको अवस्थामा तत्काल उठेको रिसको आवेगमा घाँटी थिची मारेको कारण साबित्रीदेवी के.सी.को मृत्यु भएको देखिँदा प्रतिवादी होमबहादुर के.सी.लाई हदैसम्मको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम प्रतिवादी होमबहादुर के.सी.लाई १२ (बाह्र) वर्ष कैद हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CR-०८९७, जबरजस्ती करणी, *नेपाल सरकार वि. रामराजा नेपाली*

प्रतिवादी अदालतमा समेत पीडितलाई करणी गरेकोमा साबित भई बयान गरेको देखिँदा अभियोग दाबी पुष्टि भएकोले निजले अभियोग दाबीबमोजिम कसुर गरेको ठहर्छ । वारदातको समयमा प्रतिवादीको उमेर १४ वर्ष पूरा भएको १६ वर्ष ननाघेको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उमेर पुगेकोलाई हुने सजायको आधा सजाय हुने हुँदा १६ वर्ष नाघेको उमेर पुगेको व्यक्तिलाई जबरजस्ती करणीको ३(१) नं. ले १० (दश) वर्ष कैद हुने र जबरजस्ती करणीको २ नं. तथा हाडनातामा करणी गर्नेको महलको ३(१) नं. बमोजिम थप १ (एक) वर्षसमेत गरी जम्मा कैद ११ (एघार) वर्ष हुनेमा यी प्रतिवादीलाई सोको आधा ५ वर्ष ६ महिना कैदको सजाय हुने ठहर्छ । साथै पीडितले प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिबापत भराई पाउन मनासिब देखिँदा उक्त क्षतिपूर्ति रकमसमेत पीडकबाट पीडितले भराई पाउने ठहर्छ । उक्त क्षतिपूर्ति प्रतिवादीबाट उपलब्ध गराउन नसक्ने अवस्था भए सम्बन्धित महिला तथा बालबालिका कार्यालयमार्फत नेपाल सरकारबाट प्रतिवादीलाई उपलब्ध गराउनेसमेत ठहर्छ । हाडनातातर्फको सजाय नहुने र पीडितले

क्षतिपूर्ति नपाउने भन्ने हदसम्मको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।१३ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६८-CR-०५७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्ण कुमारी पुडासैनीसमेत*

प्रतिवादीहरू नवराज पुडासैनी र राजदेव यादवले ज्यान मारिएको कुरा पहिले नै थाहा पाएर पनि जाहेरी नगरी दबाउने कार्य गरेको तथ्य प्रमाणित हुनेसम्मको अवस्था देखिन आउँदैन। केवल मौकामा गरेको बयानमा उल्लेख भएको व्यहोराकै आधारमा कसुरदार ठहर गर्न सकिने अवस्था देखिँदैन। निज प्रतिवादीहरूले मौकामा ज्यान मारिएको कुरा वारदात भएकै राति ज्यान मारेको थाहा थियो भनी गरेको बयान अन्य कुनै स्वतन्त्र प्रमाणबाट समर्थित हुन आएकोसमेत छैन। यस्तो अवस्थामा निजहरूलाई दोषी ठहऱ्याउनु प्रचलित कानून र फौजदारी न्यायको मान्य सिद्धान्तसमेत विपरीत हुने।

प्रतिवादी पूर्ण कुमारी पुडासैनीको हकमा मृतकलाई मार्ने सल्लाहमा मात्र पसी मतलबीसम्म भएको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार ६ महिना कैदको सजाय हुने तथा प्रतिवादी नवराज पुडासैनी र राजदेव रायले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको नुवाकोट जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।२।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०८०६, खोटा चलन, *नेपाल सरकार वि. बाबुराम गिरीसमेत*

प्रतिवादीले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजलाई निर्दोष मान्न मिल्दैन। प्रहरीमा जबरजस्ती बयान गराएको भए म्याद थपको क्रममा अदालत ल्याएको बखत सो कुराको जिकिर लिई निवेदन गर्नुपर्नेमा त्यस्तो जिकिर लिएको वा पछि पनि सोबारेमा निवेदन दिनसकेको देखिँदैन। प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नुपरेको उचित कारण खुलाउन सकेको देखिँदैन। प्रतिवादीलाई अनुसन्धान अधिकारीसमक्ष इच्छाविपरीत बयान गराई सही गराएको हो भनी विश्वास गर्न सकिने अवस्था नभएको र निजको सो साबिती बयान मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाण कागजातबाट समर्थित हुन आएको देखिएकोले उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम यी प्रतिवादी हरिन्द्र खाँउ चौधरीका विरूद्ध प्रमाणमा लाग्ने नै देखिन आउने।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) मा जाली वा खोटो वा नक्कली वा प्रतिलिपि मुद्रा जारी गरेमा वा मुद्रा वितरण वा लेनदेनमा संलग्न भएमा कसुर अपराध मानिने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रतिवादीमध्येका हरिन्द्र खाँउ चौधरीले कम्प्युटरबाट प्रिन्ट गरी निकालिएको रू.१,०००।- दरका नोटहरू बरामद भएको नक्कली प्रतिलिपि मुद्रा नोटको लेनदेन कारोबारमा संलग्न भई कपडा पसलमा थोरै मूल्यको

कट्टु कपडा किनी सो नक्कली नोट चल्तीमा ल्याउन साट्न गएका रहेछन् भन्ने देखिँदा निजले गरेको यस्तो कसुरको हकमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) नै आकर्षित हुने ।

तसर्थ प्रतिवादीमध्येका हरिन्द्र खाँउ चौधरीलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) को कसुरमा ऐ. दफा ९६(१) बमोजिम बरामदी नक्कली नोट जफत भएको देखिई २ वर्ष ६ महिना कैद हुने ठहऱ्याई तथा कसुर गरेको पुष्टि हुने तथ्ययुक्त विश्वसनीय प्रमाणको अभावमा प्रतिवादीमध्येका बाबुराम गिरीलाई आरोपित कसुरबाट सफाइ पाउने तथा प्रतिवादी हरिन्द्र खाँउ चौधरीलाई अभियोग दाबीअनुसार खोटा चलनको ४ नं. अनुसारको कसुर कायम नगरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) को कसुर कायम गरी सजाय गरेको सुरू जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौँडाबाट भएको फैसला मिलेकै देखिने ।

अतः उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट प्रतिवादी हरिन्द्र खाँउ चौधरीलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) को कसुरमा सोही ऐनको दफा ९६(१) बमोजिम दुई वर्ष ६ महिना कैद हुने, बरामद भएका रू.१०००।- दरका थान ३ नोटहरू जफत हुने र प्रतिवादी बाबुराम गिरीउपरको अभियोग दाबी नपुगी आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी सुरू बारा जिल्ला अदालतबाट मिति २०६४।१०।२३ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।१२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

इति संवत् २०७३ साल चैत २ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-११२५, अन्त:शुल्क (२०६३ पौषदेखि २०६५ चैत्रसम्म), *आन्तरिक राजस्व कार्यालय, विराटनगर वि. रमेशकुमार शर्मा*

अन्तःशुल्क नियमावली, २०५९ को नियम ३४ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम स्वीकृतिको लागि उद्योगले जर्ती मिन्हाका लागि दिएको निवेदनमा आन्तरिक राजस्व विभागबाट स्वीकृति नदिने भनी कुनै निर्णय भएको देखिँदैन । साथै मिति २०६६।२।३१ मा आन्तरिक राजस्व कार्यालय, विराटनगरबाट निवेदकको निवेदन मागबमोजिम जर्ती मिन्हा दिनको लागि निर्णयसाथ विभागमा पठाएकोमा विभागबाट तत् सम्बन्धमा स्वीकृति नदिने भनी निर्णय भई आएकोसमेत देखिएन । त्यस्तैगरी बाँकी रहन जाने ६.५ % *RS* अलगै टैंकमा राखेको भनेकोमा सो बाँकी रहन गएको ६.५% का सम्बन्धमा प्रत्यर्थी कार्यालयको च.नं. ३०४० मिति २०६५।७।१० मा आर एस इलेक्ट्रिकल सप्लायर्सलाई ८,००० लिटर, मिति २०६३।७।२३ मा ऐ. इलेक्ट्रिकललाई च.नं. ३७४३बाट १४,००० लिटर, मिति २०६४।५।१९ च.नं. १३७२ बाट १०,००० लिटर स्प्रिटमा कानूनबमोजिम लाग्ने राजस्व लिई निस्काशन गर्न दिएको करदाताले राजस्व न्यायाधिकरणमा पेस गरेको पत्रको फोटोकपीबाट देखिएको अवस्थामा १०० लिटर *RS* बाट उत्पादन नभएको बाँकी ६.५ % को स्प्रिटलाई एकपटक राजस्व लिई निस्काशन गर्न दिएको अनुमतिलाई बेवास्ता गर्दै पुनः घटी उत्पादन भयो भनी दोहोऱ्याएर सोही वस्तुमा कर लगाउनु कानूनसम्मत मान्न मिल्ने नदेखिने ।

पुनरावेदक कार्यालयका अन्तःशुल्क अधिकारी प्रत्यर्थी उद्योगमा रहने, निजको पूर्वस्वीकृतिबेगर उद्योगमा उत्पादित वस्तु निस्काशन गर्न नसकिने प्रत्यर्थी उद्योगले जर्ति मिन्हाका लागि निवेदन दिएकोमा विपक्षी कार्यालयबाट केही नबोली एकैपटक घटी उत्पादन भनी कर निर्धारण गरेको देखिनुको साथै १०० लिटर *RS* बाट ९१.५% मदिरा उत्पादन गरी २% जर्ति गएको भनेको बाँकी रहन जाने

६.५% RS छुट्टै ट्याङ्कीमा राखी सोको रेकर्डसमेत महिना महिनामा विपक्षी कार्यालयमा दिई कार्यालयकै पूर्वस्वीकृतिमा सो RS बिक्री गरेको देखिएको अवस्थामा कम उत्पादन भएको मानी अन्तःशुल्क र जरिवाना लगाएको कानून तथा न्यायसम्मत देखिन नआउने।

राजस्व न्यायाधिकरण विराटनगरको मिति २०६७।१।१२ को फैसलाउपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ (घ) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भई पुनरावेदनको रोहमा प्रस्तुत मुद्दा दर्ता हुन आएको देखिन्छ। सोअन्तर्गतको निवेदनमा सूर्य टोवाको फैसलाबारेमा कुनै उल्लेख नै नभएकोमा सूर्य टोवाको मुद्दाको फैसलाको आधारमा अनुमति प्रदान गरेको देखिँदा निवेदनमा उल्लेख नै नभएको फैसलाको आधारमा निस्सा प्रदान गरेको नमिलेको हुँदा उक्त मितिको निस्सासँग सहमत हुन नसकिने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रत्यर्थी चण्डिका डिस्टिलरी प्रा.लि.ले १०० लिटर RS बाट ९१.५% उच्चस्तरको ENA उत्पादन गरेको र २% जर्ति कटाई बाँकी ६.५% RS छुट्टै ट्याङ्कीमा मौज्दात राखी आन्तरिक राजस्व कार्यालयको मिति २०६३।७।२३, २०६४।५।१९, २०६५।७।१० र २०६५।७।२६ समेतको पत्रबाट सो मौज्दात TA बिक्री गरेको मिसिलबाट देखिएको र ९१.५% भन्दा बढी ENA उत्पादन गरी उच्चस्तरको मदिरा बिक्री गरेको भन्ने तथ्ययुक्त प्रमाणको अभावमा भएको सुरू आन्तरिक राजस्व कार्यालयको मिति २०६६।४।२८ को आदेशलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६६।७।२७ को निर्णयसमेत नमिलेको हुँदा उल्टी हुने ठहऱ्याई राजस्व न्यायाधिकरण, विराटनगरबाट मिति २०६७।१।१२ मा भएको फैसला मिलेकै देखिँदा यस अदालतबाट मिति २०६८।१।२ मा भएको निस्सासँग सहमत हुन सकिएन। राजस्व न्यायाधिकरण, विराटनगरको मिति २०६७।१।१२ मा भएको फैसला सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत २ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CR-११२३, लागु औषध खैरो हिरोइन, *उमेशप्रसाद चौधरी वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा बरामद भई आएको लागु औषध मौकामा जसबाट बरामद भएको छ, निजहरूले नै स्वतन्त्ररूपमा गरेको बयानमा नै यी पुनरावेदक प्रतिवादी उमेशप्रसाद कुर्मी भन्ने उमेश चौधरीबाट सो लागु औषध खरिद गरिएको वा निजबाट प्राप्त गरेको हो भनी भन्न लेखाउनसमेत नसकेको र मौकामा उक्त लागु औषध बरामद हुँदाका अवस्थामा अन्य प्रतिवादीहरूका साथ उक्त घटनास्थलमा निजको उपस्थितिसमेत नदेखिएकोले प्रस्तुत मुद्दामा निज पुनरावेदक प्रतिवादी अभियोग दाबीबमोजिमको कसुरदार हुन् भनी खम्बिररूपमा प्रमाणित हुनसकेको अवस्था नै नदेखिने।

यसरी माथि प्रकरण प्रकरणमा उल्लेख भएबमोजिम प्रस्तुत मुद्दामा बरामद भई आएको लागु औषध पुनरावेदक प्रतिवादी उमेशप्रसाद कुर्मी भन्ने उमेश चौधरीका साथबाट बरामद भएको नदेखिएको, उक्त बरामद भई आएको लागु औषधको कारोबारमा यी पुनरावेदक प्रतिवादीको संलग्नता रहेको भनी कुनै पनि प्रतिवादीले स्वतन्त्ररूपमा गरेको बयानमा यी पुनरावेदक प्रतिवादीलाई पोलसमेत नगरेको र सो लागु औषधको कारोबारमा निजको संलग्नता रहेको भनी वादी पक्षको कुनै साक्षी बकपत्रलगायतका कुनै पनि स्वतन्त्र प्रमाणहरूबाट खम्बिर हुन नसकेकोले निज प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको मान्न मिल्ने अवस्था विद्यमान नभएको परिप्रेक्ष्यमा

निज प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ प्रदान गर्नुपर्नेमा निजलाई कसुरदार कायम गरी यी पुनरावेदक प्रतिवादीलाई कैद वर्ष ५(पाँच) तथा जरिवाना रू.५०००।- हुने ठहर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६६।८।३ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।१९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई यी पुनरावेदक प्रतिवादी उमेशप्रसाद कुर्मी भन्ने उमेश चौधरीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CR-११२४, लागु औषध हिरोइन, *उमेशप्रसाद चौधरी वि. नेपाल सरकार*

मिति २०६४।६।२३ गतेका दिन आफूलाई वीरगञ्जबाट पक्राउ गरिएको भनी कसुरमा इन्कार रही अदालतसमक्ष बयान गर्ने यी पुनरावेदक प्रतिवादीले आफू दशैंको लागि सामान किन्न बजारमा ना.२ प ७२११ नं. को मोटरसाइकलमा गइरहेको थिएँ, मेरो बाइक पुलिसको भेनमा अचानक ठोकिन गएको थियो। त्यसमा भनाभन भएको रिसले एक्कासी पक्राउ गरी मोटरसाइकल त्यहीँ वीरगञ्जमा "नविन" भन्ने व्यक्तिलाई जिम्मा दिई मलाई मुखमा पट्टी बाँधी ना.२ च. ५३४४ नं.को गाडीमा हालेर काठमाडौं ल्याइएको भनी निजले अदालतसमक्ष मिति २०६४।९।१७ मा बयान गरेको देखिए तापनि निजका दाजु नाताका विरेश प्रसादले जिल्ला प्रहरी कार्यालय, पर्साबाट बुझी लगेको मोटरसाइकल ना.१ प ७२११ नं. को भन्ने देखिएको छ। आफूले चलाएको मोटरसाइकलले प्रहरीको भेनमा ठक्कर दिएपछि भएको भनाभनपश्चात् तत्कालै सो मोटरसाइकल जिम्मा लिने भनिएको व्यक्ति "नविन भन्ने" लाई निजको संक्षिप्त नामबाट यी प्रतिवादीले पहिचान गरेको भन्ने देखिन आएपनि सो मोटरसाइकलसहितको यी प्रतिवादीको खोजीमा लागेका निजका परिवारका सदस्यहरूमध्ये विरेशप्रसाद कुर्मीले भाइ उमेशप्रसाद कुर्मीलाई मिति २०६४।६।२३ गते वीरगञ्ज घण्टाघरबाट ५।७ जना व्यक्तिले अपहरण गरी लगेकोले खोजतलास गरिपाउँ भनी जिल्ला प्रहरी कार्यालय, पर्सामा दिएको निवेदनमा उल्लिखित व्यहोरा र सन्दर्भमा मिति २०६४।६।२५ मा गरिएको मुचुल्कामा सो मोटरसाइकल प्रहरीको गाडीमा ठोक्किई प्रतिवादीलाई प्रहरीले पक्राउ गरी लगेको भनी केही उल्लेख भएको नदेखिएको र निज विरेशप्रसाद कुर्मीले जिल्ला प्रहरी कार्यालयबाट बुझी लगेको उक्त मोटरसाइकल निज प्रतिवादीले नै चलाएका कारण प्रहरीको गाडिमा ठोक्किएकोले निजलाई प्रहरीले सोही दिन पक्राउ गरेको वा निजलाई अन्य कोही कसैले अपहरण गरी पक्राउ गरेको हो भनी उक्त निवेदनले पुष्टि गरेको भनी मान्न मिल्ने नदेखिने।

मौकामा बरामदी मुचुल्का एवम् प्रहरी प्रतिवेदन गर्ने व्यक्तिहरूमध्येका वादी पक्षका साक्षी गबाहका रूपमा अदालतसमक्ष आई बकपत्र गर्ने प्रहरी कर्मचारीहरू प्र.स.नि यज्ञप्रसाद दुलाल, प्रहरी हवल्दार यादव थापा र प्र.ना.नि. खेमराज रावतको बकपत्रबाट मौकाको उक्त बरामदी मुचुल्का तथा प्रहरीको प्रतिवेदनसमेत पुष्टि भइरहेको देखिएकोले मिति २०६४।६।२३ गतेको बरामदी मुचुल्का एवम् प्रहरी प्रतिवेदनसमेत कानूनसम्मत देखिएको अवस्था हुँदा सोको यथोचित विवेचना गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१९ मा भएको फैसला मिलेकै देखिँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, मिसिल संलग्न रहेको मिति २०६४।६।२३ को बरामदी मुचुल्का तथा प्रतिवेदक प्रहरी नायब निरीक्षक खेमराज रावतसमेतको

प्रतिवेदन, प्रतिवादीको मौकामा भएको बयान र प्रतिवेदक प्रहरी कर्मचारीले अदालतसमक्ष उपस्थित भई गरेको बकपत्रसमेतका आधारमा यी पुनरावेदक प्रतिवादी उमेशप्रसाद कुर्मी भन्ने उमेश चौधरी पटेलको साथबाट बरामद भएको लागु औषधको परिमाणसमेत उपर मध्येनजर गरी निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को खण्ड (छ) को देहाय (२) बमोजिम १० वर्ष कैद र रू.७५,०००।- जरिवानासमेत हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।८।३ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-१६४२, कर्तव्य ज्यान तथा जातीय भेदभाव, *गोविन्दबहादुर शाही वि. नेपाल सरकार*

प्रतिवादी गोरे भन्ने गोविन्दबहादुर शाहीले मृतक जीवन वि.क.लाई चक्कु जस्तो धारिलो हतियार प्रहार गरी सोही कारणबाट मृतक जीवन वि.क. को मृत्यु भएको देखिँदा निज प्रतिवादी गोरे भन्ने गोबिन्दबहादुर शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) बमोजिमको आपराधिक कार्यमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू जिल्ला अदालत दैलेखबाट भएको फैसलालाई सदर गरी जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ३(१) र ४(२) (ख) विपरीतको कसुरमा ऐ. को दफा ४(२) (ख) बमोजिम सुरू जिल्ला अदालतले गरेको सजाय सो हदसम्म मिलेको नदेखिँदा बदर हुने ठहऱ्याई गरेको पुनवेदन अदालत, सुर्खेतको फैसला मिलेकै देखिन आएकोले अन्यथा भन्न नमिल्ने।

प्रतिवादीले मृतकलाई पूर्वरिसइवी भई वा पूर्वयोजना र तयारीबिना सामान्य वादविवाद हुँदा चक्कु प्रहार गरेको र सोही कारणबाट मृतकको मृत्यु भएकोसमेतको अवस्थालाई न्यायिक दृष्टिकोणबाट विचार गर्दा जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तमा लागी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई कैद वर्ष ८ (आठ) को सजाय गर्ने गरी व्यक्त गरेको राय न्याय तथा कानूनसम्मत देखिएकोले पुनरावेदन अदालत, सुर्खेतको रायसमेत मिलेको देखिँदा अन्यथा भन्न नमिल्ने।

प्रतिवादीले गरेको कसुर ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनु पर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकलन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रीस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले मृतकको मृत्यु भएको पनि देखिँदैन । चक्कु जस्तो धारिलो हतियारले प्रहार गर्दा सोही चोटका कारण मृतकको मृत्यु हुन गएको अवस्थामा प्रतिवादीले भवितव्य तथा आवेश प्रेरितमा सजाय गरिपाउँ भनी लिएको जिकिर कानूनसम्मत नदेखिने।

अतः माथि विवेचित आधार कारण तथा प्रमाणहरूबाट सुरू दैलेख जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिमको आपराधिक कार्यमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको फैसलालाई सदर गरी जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ३(१) र

४(२) (ख) विपरीतको कसुरमा ऐ. को दफा ४(२) (ख) बमोजिम सुरू जिल्ला अदालतले गरेको सजाय सो हदसम्म मिलेको नदेखिँदा बदर हुने ठहर्‍याई गरेको पुनवेदन अदालत, सुर्खेतको मिति २०७०।९।७ को फैसला मिलेकै देखिन आएकोले सदर हुने ठहर्छ। निज प्रतिवादीलाई कैद वर्ष ८(आठ) मात्र गर्दा कसुरको प्रकृतिअनुरूप ऐनको मकसद पूरा हुने नदेखिँदा कैदको हकमा निज प्रतिवादी गोरे भन्ने गोविन्दबहादुर शाहीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ (बाह्र) वर्ष कैद गर्नु न्यायोचित हुने देखिँदा निजलाई १२ (बाह्र) वर्ष कैद हुने।

इजलास अधिकृतः उदविर नेपाली

इति संवत् २०७३ साल मङ्सिर ६ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०६५५, सवारी ज्यान, *नेपाल सरकार वि. देवनारायण यादवसमेत*

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ मा कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुदैन" भनी कुनै पनि सवारी साधन चलाउने व्यक्तिले अनुमति पत्र लिनुपर्ने व्यवस्थालाई ऐच्छिक नभई अनिवार्य व्यवस्था गरेको देखिन्छ । सवारी साधन चलाउन अनुमतिपत्र नलिएको व्यक्तिको लागि सवारी साधन चलाउन प्रतिबन्ध गरेको देखिन्छ । कानूनले कुनै खास कार्य गर्नको लागि कुनै सर्त तोकेको छ भने सो सर्त पूरा नगरी उक्त कार्य गर्दा सो कानूनविपरीत मान्नुपर्ने।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) मा "...सवारी चलाउँदा कसैको ज्यान मर्नसक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार दुई वर्ष देखि दश वर्षसम्म कैद हुनेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ। यसरी माथि उल्लिखित दफा ४५ र प्रस्तुत दफा १६१(२) एक अर्कासँग अन्तरसम्बन्धित रहेको देखिन्छ। प्रतिवादी देवनारायण यादवले सवारीचालक अनुमतिपत्र प्राप्त नगरी मोटरसाइकल चलाएकोमा ठक्कर लागि मानिसको मृत्यु भएको हुँदा निजको कार्यलाई लापरवाहीयुक्त भएकोले निजको हकमा दफा १६१(२) आकर्षित भई निजको कार्यको लागि सोहीबमोजिम सजायसमेत हुने।

प्रतिवादी विरेन्द्र ठाकुरको नाममा दर्ता रहेको मोटरसाइकल सवारीचालक अनुमतिपत्र प्राप्त नगरेका प्रतिवादी देवनारायण यादवले चलाएको अवस्थामा मिति २०६६।२।६ को राति सागर खड्कालाई ठक्कर दिँदा उपचारको क्रममा निजको मृत्यु भएकोले निजको सन्दर्भमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) आकर्षित हुने देखिन्छ । उक्त दफा १६१(५) मा "कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ।" भनी कानूनी व्यवस्था रहेको देखिएकोले निज प्रतिवादी विरेन्द्र ठाकुरलाई सोही दफाबमोजिम सजाय हुने।

सवारीचालक अनुमतिपत्र प्राप्त नगरी प्रतिवादी देवनारायण यादवले लापरवाही गरी मोटरसाइकल चलाएकोमा ठक्कर लागि सागर खड्काको मृत्यु भएको देखिएकोले निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गर्नुपर्ने तथा सवारीचालक अनुमतिपत्र नभएको व्यक्तिलाई मोटरसाइकल चलाउन दिएकोमा सो मोटरसाइकलले ठक्कर लागि मानिसको मृत्यु भएकोमा सवारी धनी प्रतिवादी विरेन्द्र ठाकुरलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को

दफा १६१(५) बमोजिम सजाय गर्नुपर्नेमा प्रतिवादी देवनारायण यादवलाई सोही ऐनको दफा १६१(३) बमोजिम २४ दिन कैद र रू.२०००।- (दुई हजार) जरिवान गरेको जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला कायम रहन सक्ने नदेखिने।

तसर्थ, माथि विवेचित कानूनी व्यवस्था एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा मोरङ जिल्ला अदालतबाट प्रतिवादी देवनारायण यादवलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम २४ दिन कैद र रू.२०००।- (दुई हजार) जरिवाना हुने तथा प्रतिवादी विरेन्द्र ठाकुरले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।२।२२ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी देवनारायण यादवलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद तथा निज प्रतिवादी देवनारायण यादवले सवारी अनुमतिपत्र प्राप्त नगरी मोटरसाइकल चलाएकोमा ठक्कर लागी सागर खड्काको मृत्यु भएकोले निजलाई ऐजन ऐनको दफा १६१(४) बमोजिम थप रू.२०००।- (दुई हजार) जरिवाना हुने र अर्का प्रतिवादी विरेन्द्र ठाकुरलाई सोही ऐनको दफा १६१(५) बमोजिम १ महिना कैद सजाय हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-CR-०१८८, ०७३-CR-०३३०, घुस रिसवत लिई भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. मुकुन्द मरर र मुकुन्द मरर वि. नेपाल सरकार*

प्रतिवादी देवराज गिरीले बयान गर्दा निज सुनिलकुमार दाससँग मेरो कुनै चिनजान नै रहेको छैन भनी लेखाइदिएको देखिँदा यी प्रतिवादी मुकुन्द मररको उक्त बयानको व्यहोरा विश्वासलायक देखिएन। त्यसैगरी बुझिएका निमबहादुर भण्डारी र तोलाकुमारी वलीले अनुसन्धान तथा अदालतमा समेत आई अ.हे.व. जाँचमा पास गराई दिने भनी देवराज गिरीमार्फत रकम दिएको हो। प्रतिवादी मुकुन्द मररलाई चिन्दैनौं भनी लेखाई दिएको देखिन्छ भने निजहरूले अ.हे.व. पदका लागि दरखास्त दर्ता गराएको भन्ने कुरा च.नं. १६ मिति २०७०।४।१५ को लोकसेवा आयोग राप्ती अञ्चल कार्यालय तुल्सीपुर दाङको पत्रबाट समेत देखिन्छ। बुझिएका निमबहादुर भण्डारीसमेतको यी प्रतिवादी मुकुन्द मररसित पूर्वरिसइवी रहेको नदेखिएको र विनाकारण प्रतिवादी मुकुन्द मररलाई फसाइएको हो भनी भन्नसकेको अवस्थासमेत नदेखिँदा यी प्रतिवादी मुकुन्द मररलाई सजाय गर्ने गरी भएको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा जाहेरवाला देवराज गिरीले निवेदन दिँदा निमबहादुर भण्डारीसमेतका व्यक्तिहरूको नाम उल्लेख गरेको र अभियोग पत्रमा समेत निमबहादुर भण्डारी र तोलाकुमारी वली खत्रीसमेत १२ जना भनी उल्लेख गरेको पाइन्छ। वादी पक्षबाट निमबहादुर र तोलाकुमारीबाहेकका अन्य व्यक्तिहरू उपस्थित गराउन सकेको देखिँदैन भने पुनरावेदन जिकिरलाई पुष्टि हुने कुनै प्रमाण पेस गर्नसकेको समेत देखिँदैन। वादी नेपाल सरकारका साक्षी निमबहादुर भण्डारीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष बयान गर्दा प्रतिवादी देवराज गिरीलाई

रू. ४ लाख दिएको र अर्का साक्षी तोलाकुमारीले रू.१ लाख ५० हजार दिएको भनी उल्लेख गरेको देखिएको अवस्था हुँदा सोही आधारमा यी प्रतिवादी मुकुन्द मररलाई रू.५,५०,०००।- जरिवाना र १ वर्ष ६ महिना कैद सजाय हुने ठहऱ्याई भएको विशेष अदालतको फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित आधार कारणबाट प्रतिवादी मुकुन्द मररलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा ऐ. ३(१) बमोजिम रू.५,५०,०००।- जरिवाना र ऐ. ऐनको दफा ३(१)(ङ) बमोजिम १ वर्ष ६ महिना कैद हुने ठहऱ्याई भएको विशेष अदालत काठमाडौंको मिति २०७१।१०।१२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कृतबहादुर बोहरा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-CR-०७०५, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. किशोरी रामसमेत*

आर्थिक वर्ष २०६७।०६८ देखि २०६९।०७० सम्मको छात्रवृत्ति शीर्षकमा निकासा भएको जम्मा रकम रू.६,९०,९००।- मध्ये रू.१,५३,०००।- र भौतिक संरचना निर्माणमा निकासा भएको रू.६,००,०००।- मध्ये रू.१८१,२४२।- हिनामिना गरेको भनी अभियोग दाबी रहेकोमा उक्त रकम राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय, कलैयामा बुझाएको मिति २०७१।१२।११ को भौचरको प्रतिलिपिहरूबाट देखिन्छ भन्ने उक्त विद्यालयको आर्थिक वर्ष २०६७।६८ देखि २०६९।०७० सम्मको लेखा परीक्षण प्रतिवेदन हेर्दा विद्यालयको नाममा कुनै पनि बेरूजु रहेकोसमेत नपाइने।

विद्यालयलाई जिल्ला विकास समितिबाट प्राप्त अनुमान रकम रू.२,५०,०००।- र गा.वि.स.बाट प्राप्त अनुदान रकम रू.३,००,०००।- समेत यी प्रतिवादीहरूले दाखिला गरिसकेको मिति २०७१।१२।११ को भौचरहरूको प्रतिलिपिबाट देखिन्छ भने जिल्ला शिक्षा कार्यालय बाराको च.नं. २२७५ र च.नं. १६३७ मिति २०७१।१२।११ को पत्रसमेतबाट उक्त व्यहोरा पुष्टि भएको देखिन्छ। यसरी विभिन्न शीर्षकमा विभिन्न निकायहरूबाट प्राप्त रकम बेरूजु भनी स्वीकार गरी फछ्र्यौटसमेत भइसकेको अवस्थामा अभियोग मागदाबीबमोजिम भ्रष्टाचार नठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित आधार कारणबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहरी भएको विशेष अदालत, काठमाडौंबाट भएको मिति २०७२।२।२६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: कृतबहादुर बोहरा

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-१४३४ र ०७१-RC-०१६४, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *नेपाल सरकार वि. महेश बानियाँसमेत र नेपाल सरकार वि. रामनिवास जैसवाल*

प्रस्तुत मुद्दामा मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का प्रतिवादीहरूको बयान कागज, जाहेरवाला तथा बुझिएका मानिसहरूको अदालतमा भएको बकपत्र एवम् मृतकको पोष्टमार्टम रिपोर्टसमेतका आधारबाट मृतक जगदीशप्रसाद यादवको मृत्यु कर्तव्यबाट भएको तथ्य पुष्टि हुन

आउने।

उक्त वारदातको स्वरूपतर्फ हेर्दा प्रतिवादी गोरखप्रसाद निषादले बैंकबाट रकम निकाल्ने व्यक्तिको पहिचान बारेमा प्रतिवादी महेश बानियाँलाई फोन गरी जानकारी दिएको भन्ने अभियोग देखिए तापनि निजले त्यसरी फोन गरेको कल पुष्टि हुनसकेको देखिँदैन। निज प्रतिवादी गोरखप्रसाद अनुसन्धान अधिकारी तथा अदालतसमक्ष गरेको बयानमा समेत कसुरमा पूर्ण इन्कारी रहेको पाइन्छ। निज गोरखप्रसाद उक्त वारदात घटाउने कार्यमा संलग्न रहेको भन्ने कुरा वस्तुनिष्ठरूपमा जाहेरी दरखास्त तथा बुझिएका मानिसहरूको बकपत्रसमेतबाट खुल्न आएको देखिँदैन। लुटिएको रकम बाँडी खाएको भन्नेसमेत तथ्य पुष्टि भएको छैन । सहप्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा पोल उजुर गरेको भन्ने आधारबाट मात्र निजलाई दोषी करार गर्नु न्यायसङ्गत हुने नदेखिँदा निज प्रतिवादी गोरखप्रसाद निषादलाई आरोपित कसुरमा सफाइ दिने ठहर गरेको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला निजको हकमा मिलेकै देखिँदा सफाइ दिने ठहर्ने।

प्रतिवादी महेश बानियाँले अर्का मुख्य प्रतिवादी राम निवास जैसवाललाई पेस्तोल उपलब्ध गराई वारदातस्थलसम्म मोटरसाइकलसम्म पुऱ्याई मृतकलाई गोली प्रहार गर्न सहयोग गरेको भन्ने कुरा प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको बयान, किटानी जाहेरी दरखास्त, बुझिएका मानिसहरूको बकपत्रसमेतबाट पुष्टि हन आएको भएपनि प्रतिवादी महेश बानियाँले मृतकलाई हत्या गर्न वचन दिएको तथा मृतकको जिउमा समातेको भन्ने तथ्य पुष्टि नहुँदा निज प्रतिवादी महेश बानियाँको हकमा ज्यानसम्बन्धी महलको १७(१) नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने ठहर गरेको फैसला मिलेको नै देखिने। मृत्यु भइसकेको प्रतिवादीको हकमा कसुर कायम हुने नहुने सो सम्बन्धमा केही नबोलेको भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा मुलुकी अ.बं. १७६ नं. अनुसार अभियोग लागेको व्यक्ति फैसला नहुँदै मऱ्यो भने सो मर्नेलाई खतबात लाग्दैन भन्ने उल्लेख भएको र निज प्रतिवादी अनिल हरिजन निषादको मृत्यु मिति २०६८।१।१५ मा नै भइसकेको भनी जिल्ला प्रहरी कार्यालय रूपन्देहीबाट लेखिएको पत्रबाट देखिएको हुँदा निजको हकमा कसुर ठहर हुने नहुने भनी केही बोलिरहन नपर्ने भनी पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०७०।११।२८ को फैसला निजको हकमा मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी राम निवास जैसवाललाई ज्यानसम्बन्धी १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय भएको सम्बन्धमा साधक जाँचका लागि पेस भएतर्फ विचार गर्दा निज प्रतिवादी महेश बानियाँले दिएको पेस्तोल बोकी महेश बानियाले चलाएको मोटरसाइकलमा पछाडि बसी वारदातस्थलमा पुगी मृतक जगदीशप्रसाद यादवलाई आफूसँग भएको पेस्तोलले टाउको तथा तिघ्रामा प्रहार गरी निजको साथमा रहेको पैसाको झोला लिई हिँडेको भन्ने तथ्यमा साबिती रही अनुसन्धान अधिकारीसमक्ष बयान गरेको तथा सह प्रतिवादी महेश बानियाँले समेत निज राम निवास जैसवालले गोली प्रहार गरी राम निवासले मृतकको हत्या गरेको भनी आफूसमेत कसुरमा संलग्न रहेको तथ्यमा साबित रही पोल गरेको, निज राम निवासले नै बाबुको हत्या गरेको हो भनी जाहेरवाला सुदीप यादवले किटानीरूपमा जाहेरी दिई उक्त जाहेरी व्यहोरालाई पुष्टि हुने गरी अदालतमा समेत बकपत्र गरिदिएको र मृतकको मृत्यु पेस्तोलको गोलीबाट भएको भन्ने पोष्टमार्टम प्रतिवेदनसमेतबाट देखिएको हुँदा अभियोग दाबीबमोजिम निज प्रतिवादी राम निवास जैसवाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको

मिति २०७०।११।२८ को फैसला निजको हकमा मिलेको नै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७०-CR-११५७, ०७०-CR-१२११ र ०७०-CR-१२१३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेमबहादुर थापा, विकास आचार्य वि. नेपाल सरकार, रेशम प्रसाद आचार्य वि. नेपाल सरकार र जयभद्र पौडेल वि. नेपाल सरकार*

वारदात भएको स्थान, मृतकको मौकाको लास जाँच प्रकृति मुचुल्कामा मृतकको निधारको बायाँ पट्टी घाउ रहेको, बायाँ ढाडमा ४ इन्च लम्बाई भएको दाग, टाउकोको अगाडि भागमा १ इन्च गोलाई ५ सेन्टिमिटर चोट रहेको, निधारमा १$^{१}/_{२}$ इन्च गोलाई भएको नीलो डाम रहेको, खुट्टाको औंलामा छाला उप्की घाउ उल्लेख भएको विवरण, शव परीक्षण प्रतिवेदनमा टाउकोको चोटको कारण मृतकको मृत्यु भएको भनी उल्लिखित विवरण तथा उक्त प्रतिवेदनमा उल्लेख भएको मृत्युको कारणसमेतबाट मृतकको मृत्यु स्वभाविक (Natural Death) रूपमा हुन गएको भन्ने नदेखिने।

प्रतिवादीमध्येका प्रेमबहादुर थापाउपर सजाय हुनुपर्ने भनी जिकिर लिएको विषयको सम्बन्धमा विचार गर्दा मृतकलाई कर्तव्य गरी मार्नको लागि यी प्रतिवादीसमेत भई कुनै पूर्वयोजना बनाएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट देखिन आएको छैन। केवल मृतक र अन्य प्रतिवादीहरू यी प्रतिवादीको पसलमा रक्सी सेवन गरेको भन्ने देखिएको छ। निजहरूले रक्सी सेवन गरेपछि मृतकलाई घर पुऱ्याउन प्रतिवादीहरू निस्केका र आफू पनि बाहिर निस्केको र केही परसम्म आफू पनि सँगै गएको, निजहरू विवाद गर्दै अघि बढ्दै थिए र आफू आफ्नो होटलतर्फ फर्की आएको भनी यी प्रतिवादी प्रेमबहादुर थापाले अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ। सहअभियुक्तको अनुसन्धानको बयानमा समेत यी प्रतिवादी वारदातस्थलसम्म गएको नभई केही पर पुगी फर्केको भनी उल्लेख गरेको देखिने।

वारदातस्थलमा यी प्रतिवादीसमेतको उपस्थिति रहेको भन्ने कुरा मिसिल प्रमाणबाट कहीं कतै देखिन आएको छैन। प्रतिवादीहरूले प्रेमबहादुर थापाको पसलमा रक्सी सेवन गरिरहेको अवस्थामा मृतक पछि पुगेको र त्यहाँ मृतकलाई मार्ने भन्ने कुनै योजना बनेको भन्ने देखिँदैन। मृतकसहित प्रतिवादीहरू सँगै पसलबाट निस्केको अवस्थामा यी प्रतिवादी पसलबाट बाहिरसम्म निस्केको देखिन्छ। उक्त कार्यलाई मृतक मार्नमा निजको समेत मतसल्लाह थियो भन्न नमिल्ने।

वारदातस्थलमा नै यी प्रतिवादी रहेको नदेखिएपछि मृतकलाई अन्य प्रतिवादीहरूले कर्तव्य गरी मार्न लाग्दाको अवस्थामा यी प्रतिवादीले मृतक भाग्न उम्कन नपाउनेसमेतको गैरकाम गरी मार्नको लागि संयोग पारिदिएको भनी मान्न सकिने अवस्था नै रहेन। अतः यी प्रतिवादीले अभियोग दाबीअनुसारको ज्यानसम्बन्धीको १७ (२) नं. अन्तर्गतको कसुर गरेको हुन सक्ने अवस्था नै देखिएन। यस्तो स्थितिमा यी प्रतिवादीसमेतको प्रस्तुत मुद्दाको कसुर वारदातमा संलग्नता रहेको भनी मान्न सकिने अवस्था नदेखिँदा यी प्रतिवादी प्रेमबहादुर थापासमेतको प्रस्तुत मुद्दाको कसुर वारदातमा संलग्नता रहेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। निज प्रतिवादी प्रेमबहादुर थापाको हकमा निजलाई आरोपित कसुरबाट सफाइ दिनेगरी भएको पुनरावेदन अदालत, बागलुङको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादीमध्येका प्रेमबहादुर थापाको

होटलबाट एकैसँग साथ जिवित अवस्थामा गएका मृतकलाई जीवितै अवस्थामा पछि अन्य कोही कसैले देखे भेटेको भन्ने पनि मिसिल संलग्न प्रमाणबाट देखिँदैन। प्रतिवादीहरूले मृतकलाई निजको घरसम्म पुऱ्याएको भन्ने पनि देखिँदैन। निजहरूले सोको जिकिर लिएका पनि छैनन्। मध्येरातको समयमा मृतकलाई प्रतिवादीहरूले सँगसाथमा लिई गएको अवस्था छ। बीचबाटोमा कसैले हस्तक्षेप वा आक्रमण गरेको भन्ने पनि देखिँदैन। मृतकलाई निज प्रतिवादीहरूबाहेक अन्य कोही कसैले कर्तव्य गरी मारेको भनी मिसिलबाट कुनै शङ्कासम्म पनि व्यक्त भएको पाइँदैन। यस्तो अवस्थामा मृतकलाई मानवीय नाताले मृतकको घरतर्फ जानको लागी सहयोग गरिदिने कार्य अपराध ठहरका लागी आधार बन्न सक्दैन भन्ने जिकिर लिँदैमा वस्तुनिष्ठ प्रमाणको अभावमा निजहरूले आरोपित दायित्वबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने।

मृतक र निज प्रतिवादीहरू एकैसँग साथमा जाँदाको अवस्था मदिरा सेवन गरेका मृतकले निज प्रतिवादीहरू उपर गाली गलौज गरेको भन्ने कुरा प्रतिवादीहरूको अनुसन्धानको क्रममा भएको बयानबाट देखिन आएको छ। अनुसन्धानको क्रममा भएको बयान षड्यन्त्र पूर्वक खडा गरिएको भनी जिकिर लिए तापनि सोमा लागेको ल्याप्चे सहिछाप आफ्नो हो भनी स्वीकार गरेको साथै मिसिल संलग्न अन्य कागज प्रमाणले उक्त अनुसन्धानको बयान व्यहोरालाई समर्थन गरेको देखिएबाट उक्त जिकिरमा सत्यता रहेको देखिन आएन। मृतकले त्यसरी निज प्रतिवादीहरूलाई गाली गलौज गरेको अवस्थामा मदिरा सेवन गरेका यी प्रतिवादीहरूले पनि मृतकसँग झगडा गर्न पुगेको हुन सक्ने कुरालाई अस्वभाविक मान्न सकिँदैन। त्यसै क्रममा प्रतिवादीहरूले मृतकउपर कुटपिट गरेको हुन सक्ने कुरालाई पनि अस्वभाविक मान्न सकिँदैन। यसरी मिसिलबाट देखिएको उपर्युक्त उल्लिखित परिस्थितिजन्य अवस्थालाई दृष्टिगत गर्दा मृतकउपर आफूहरूले चोट छोडेको भनी प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान अन्यथा रहेछ भन्न सकिने अवस्था देखिन नआउने।

अतः माथि प्रकरणमा विवेचना गरिएअनुसार प्रतिवादीहरू रेशम प्रसाद आचार्य, विकाश आचार्य, जयभद्र पौडेलले मृतकउपर जोखिमी हतियारसमेतको प्रयोग गरी कर्तव्य गरी मारेको भन्ने कुरा पुष्टि भएको देखिन आएको भएपनि निजहरूमध्येको कसको चोट प्रहारबाट मृतकको मृत्यु भएको भन्ने कुरा यकिन हुनसकेको नदेखिँदा निज प्रतिवादीहरू रेशम प्रसाद आचार्य, विकाश आचार्य, जयभद्र पौडेललाई ज्यानसम्बन्धीको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने र अर्का प्रतिवादी प्रेमबहादुर थापालाई अभियोग दाबीबाट सफाइ दिने ठहरी गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०७०।५।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

रक्सी सेवन गरेका मृतकलाई रक्सी सेवन गरेका प्रतिवादीहरू रेशम प्रसाद आचार्य, विकास आचार्य, जयभद्र पौडेलले निजको घरतर्फ पुऱ्याउन भनी जाँदै गर्दाको अवस्थामा स्वयम् मृतकले नै प्रतिवादीहरूउपर अपशब्दहरू प्रयोग गरेको कारणबाट अचानक प्रतिवादीहरूले मृतकउपर चोट छोड्न पुगेको परिस्थितिजन्य अवस्था प्रस्तुत मुद्दाको मिसिलबाट देखिन आएकोले त्यसरी घट्न पुगेको प्रस्तुत मुद्दाको वारदातको सन्दर्भमा प्रतिवादीहरू रेशमप्रसाद आचार्य, विकाश आचार्य, जयभद्र पौडेललाई उक्तअनुसारको जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेको भनी निजहरूलाई अदालती बन्दोबस्तको १८८ नं. अनुसार सात वर्ष मात्र कैद सजाय हुन उपयुक्त हुने भनी पुनरावेदन अदालत, बागलुङबाट व्यक्त भएको रायसमेत उचित देखिँदा निज प्रतिवादीहरूलाई अदालती बन्दोबस्तको १८८ नं. बमोजिम जनही ७

(सात) वर्ष कैदको सजाय हुने ।
इजलास अधिकृत: टेकनाथ गौतम
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल जेठ ३० गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०५०९, उत्प्रेषण / परमादेश, *महेशकुमार यादव वि. रीनाकुमारी रायसमेत*

सहेलिया देवीको धर्मपुत्र महेशकुमार रहेकोमा विवाद नदेखिएको र बजै सुनरीदेवीको सम्पत्तिको अपुताली हक खाँदा सहलिया देवीको पति जगरनाथको २०५२ सालमा नै मृत्यु भएको र सहेलियाको समेत २०६१।८।२० मा मृत्यु भएको कारण निजहरूलाई अपुताली पर्ने सम्पत्ति नै निवेदकले सुनरीदेवीको नामबाट सोझै प्राप्त गरेको देखियो । अपुतालीको सम्बन्ध पारिवारिक कडीको रूपमा सहेलिया नै देखिएको अवस्थामा निजकै नाताको कारणबाट सो अपुतालीहक प्राप्त हुन आएको देखिने ।

सहेलिया यादवनीको अपुताली खाने अंशियारले सहेलिया देवीको ऋण तिर्नुपर्ने दायित्व ऋणीको धर्मपुत्र महेशकुमार यादवको नै रहन्छ । यस्तो अवस्थामा निवेदकको मागअनुरूप रिट जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-RC-०१४९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुमन राई*

काठको फल्याकले मृतक रोशन राईको टाउको अनुहार जस्तो संवेदनशील अङ्गमा कुटपिट गर्दा मानिस मर्नसक्छ भन्ने कुराको परिणाम यी प्रतिवादीलाई बोध थिएन भनी अदालतले विश्वास गर्नसक्ने अवस्थासमेत देखिँदैन । प्रतिवादी सुमन राईले मृतकलाई कुटपिट गर्दै जाँदा मृतक भिरबाट लडी खोलामा परेपछि खोलाबाट निकाली घाइते मृतकलाई मध्यरातको समयमा त्यसै छोडी हिँडेको भन्ने मिसिलबाट देखिन्छ । रातको समयमा घाइते मानिसलाई उपचार गराउनेतर्फ नलागी त्यसै छोडी हिँडेबाट यी प्रतिवादीको मृतकलाई मार्ने नै मनसाय रहेको अदालतले अनुमान गर्नुपर्ने । प्रतिवादी सुमन राईले मृतक रोशन राईलाई कुटपिट गरी लखेट्दै गई भिरबाट खसी खोलामा परेपछि खोलाबाट उठाई मध्यरातको समयमा मृतकलाई त्यसै छाडी दिएको कारणबाट मृतक रोशन राईको मृत्यु भएको पुष्टि भएको देखिँदा सुरूले निज प्रतिवादी सुमन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी गरेको फैसला मिलेकै देखिँदा सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने ।

अतः माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादीमध्येका प्रभुराम भन्ने सुमन राईलाई सुरूले सर्वस्वसहित जन्मकैद गर्ने ठहऱ्याई भएको सोलुखुम्बु जिल्ला अदालतबाट भएको मिति २०६५।१।१० को फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।३।३ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।
इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-११६०, ०७०-CR-१४०९ र ०७०-CR-१४१०, कर्तव्य ज्यान,

*नेपाल सरकार वि. रामकुमार गौतम, रामकुमार गौतम वि. नेपाल सरकार र जितबहादुर बुढामगर वि. नेपाल सरकार*

प्रतिवादीमध्ये जितु भन्ने जितबहादुर बुढामगरले मृतक विजयकुमार खड्कालाई सुरूमा जुठो भातको थालले निर्घात कुटपिट गरी भुइँमा पछारी हात मुक्का र लातले शरीरको विभिन्न भागमा कुटपिट गरी शरीरका भित्री अङ्गमा गम्भीर घाउचोट पुर्‍याएको र सोही मूल चोटको जरियाबाट मृतक विजयकुमार खड्काको मृत्यु भएको देखिँदा पुनरावेदक जितु भन्ने जितबहादुर बुढामगरको हकमा जन्मकैदको सजाय ठहर गरी गरेको सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

प्रतिवादी रामकुमार गौतम वारदात समयमा वारदातस्थलमा मौजुद भई अर्का प्रतिवादी जितु भन्ने जितबहादुर बुढामगरले मृतक विजयकुमार खड्कालाई कुटपिट गर्न संयोग पारिदिने कार्यमा सहयोगसम्म गरेको देखिँदा निज रामकुमार गौतमलाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । त्यसैगरी निज प्रतिवादी रामकुमार गौतमले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.को रीतसँग मतलबीको रूपमा वारदातमा संलग्नता रहेको देखिँदा निज प्रतिवादीलाई ऐ. महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहर्‍याई भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

पुनरावेदक प्रतिवादी जितु भन्ने जितबहादुर बुढामगरले मृतकलाई मार्नुपर्नेसम्मको मनसाय र पूर्वयोजना नभई मादक पदार्थ सेवन गरेको र सोको प्रभावमा तथा मृतककै उक्साहटको कारण झगडा भई उक्त वारदात घट्न गएको अवस्था देखिएको हुँदा अपराध हुँदाको परिस्थितिसमेतलाई मनन गर्दा प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएको हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद हुने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू जितबहादुर बुढामगर र रामकुमार गौतमलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने तथा प्रतिवादीहरू देवसिंह रोका र लक्ष्मी रोकालाई सोही महलको १७(३) नं. बमोजिम १० महिना कैद सजाय हुने ठहर्‍याई भएको सुरू रुकुम जिल्ला अदालतको मिति २०६९।३।१२ को फैसलामा केही उल्टी गरी प्रतिवादी रामकुमार गौतमको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने र अन्यको हकमा सुरू फैसला सदर हुने गरी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।५।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी जितु भन्ने जितबहादुर बुढामगरको हकमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०५६१, उत्प्रेषण / परमादेश, *रमेशचन्द्र पौडेल वि. सूचना तथा सचार मन्त्रालय, सिंहदरबारसमेत*

सरकार वा सार्वजनिक पदाधिकारीको इच्छा पनि कानून र न्यायका मान्य सिद्धान्तअनुरूप नै परिचालित हुनुपर्छ । निर्णय गरेपछि, निर्णयकर्ता सरकार वा पदाधिकारी प्रतिज्ञात्मक विवन्धन (Promissory Estoppel) मा बाँधिन्छ । आफूलाई कुनै जानकारी नै नदिई पदबाट हटाइएको भन्ने निवेदकको जिकिर देखिन्छ । निवेदकलाई सुनुवाइको मौकासमेत दिई हटाइएको भन्ने विपक्षीहरूको लिखित

जवाफबाट देखिँदैन । सुनुवाइको मौका नदिई निर्णय गर्न नहुने (Audi Alteram Partem – the Parties be given adequate notice and opportunity to be heard) भन्ने प्राकृतिक न्यायको ज्यादै विशुद्ध एवम् सर्वमान्य (Pure and universal) सिद्धान्त हो जसको प्रतिकूल निर्णय गर्न नमिल्ने ।

रिट निवेदक रेडियो सेवा विकास समिति (गठन) आदेश, २०४१ को दफा २क. उपदफा २क बमोजिमको व्यक्ति नभई रेडियो नेपालको क्षेत्रीय प्रशारण केन्द्र धनकुटाको मुख्य कार्यक्रम अधिकृत तह ८ को पदमा कार्यरत वहालवाला कर्मचारी भएको र ऐ. गठन आदेशमा कर्मचारीलाई रेडियो प्रसार सेवा विकास समितिको सदस्य पदमा नियुक्त गर्ने व्यवस्था नै नभएको भन्ने उल्लेख गरेको देखिन्छ । निवेदकलाई लिखित जवाफमा उल्लेख गरेको सो आधार दिई हटाइएको अवस्था देखिँदैन । सो आधारमा नियुक्ति बदर गर्न कुनै प्रक्रिया अपनाइएको पनि छैन । मन्त्रीस्तरको निर्णयबाट निजको नियुक्ति भएको र मन्त्रीस्तरकै निर्णयबाट अवधि नपुग्दै हटाइएको छ । निजको नियुक्ति कानूनबमोजिम भएको थियो वा थिएन प्रस्तुत रिट निवेदनको सन्दर्भमा हाल विवादको विषय पनि नभएकोले निजको नियुक्ति नै कानूनबमोजिम नभएको भन्ने लिखित जवाफको जिकिरसँग सहमत हुन नसकिने ।

रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१ को दफा २क. उपदफा (३) बमोजिम मनोनित सदस्यहरूको पदावधि २ वर्षको हुनेछ भनी उल्लेख भएको र सोहीबमोजिम २ वर्षको पदावधि किटान गरी निवेदकहरूलाई सदस्य पदमा नियुक्त गरिएकोमा निवेदकलाई तोकिएको पदावधि पूरा नहुँदै प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाइको मौका नै नदिई स्वेच्छाचारी रूपमा नेपाल सरकार मा.मन्त्रीस्तरको मिति २०७१।९।२४ को निर्णयअनुसार निवेदकलाई अवकाश दिएको कार्य कानूनप्रतिकूल देखिन्छ । तर निज निवेदकलाई नियुक्त गरेको मितिले २ वर्षको पदावधि मिति २०७३।९।२३ मा पुगेको हुँदा निजको दुई वर्षको पदावधि समाप्त भइसकेकोले रिट निवेदकले माग गरेको विषय नै निष्प्रयोजन भइसकेको देखिएबाट निवेदकको जिकिरबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०४८६, उत्प्रेषण / परमादेश, *एजेन्ट न्यासुर वि. राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वरसमेत*

कानूनद्वारा गठित अध्यक्ष वा सदस्यको नियुक्ति कानूनद्वारा नै तोकिएको तरिका एवम् समयावधिको लागि हुने र यसको सञ्चालन व्यवस्थापन र कार्यप्रणाली कानूनद्वारा नै व्यवस्था र नियमित हुने कुरामा विवाद हुन सक्दैन । राज्यका प्रत्येक निकाय र पदाधिकारीले कानूनबमोजिम नै आफ्नो काम गर्नुपर्ने हुन्छ । शासन विधिको हुनुपर्दछ व्यक्तिको होइन भन्ने नै विधिको शासनको मूलभूत सिद्धान्त हो । विधिको शासनमा प्रवृत्ति गौण र पद्धति प्राथमिक हुन्छ । कानूनबमोजिम नभएको वा कानूनको उचित प्रक्रिया पूरा नगरी गरिएको कार्य वा निर्णय बदरभागी हुने ।

नियममा नै अध्यक्षको पदावधि ४ वर्षको हुने भनी किटान गरेको अवस्थामा सो पदावधि समाप्त नहुँदै अवकाश दिने गरी भएको राष्ट्रिय खेलकुद परिषद्को निर्णय खेलकुद विकास नियमावलीको नियम २२विपरीत हुन्छ । सार्वजनिक पदाधिकारीलाई नियुक्तिकर्ताको ईच्छाअनुकूलको अवधिसम्म वहाल राख्ने र ईच्छाअनुकूल नै हटाउन हुन्छ भन्न मिल्दैन । सार्वजनिक पदाधिकारीको नियुक्ति र बर्खास्ती नियुक्त गर्ने पदाधिकारीको ईच्छाबाट निर्देशित गर्न मिल्दैन ।

यस्तो कार्य कानूनको शासनको सिद्धान्तप्रतिकूल हुन्छ। कानूनले खास अवधि तोकिएको अवस्थामा सो किटानी तोकिएको पदावधिसम्म निजले कामकाज गर्न पाउने।

निवेदकले कुनै गल्ती नै गरेको भए निजलाई सुनुवाइको मौका दिई निजको समेत कुरा सुनी निर्णय गर्नुपर्ने हुन्छ। सुनुवाइको मौका नदिई निर्णय गर्न नहुने (Audi Alteram Partem-the Parties be given adequate notice and opportunity to be heard) भन्ने प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त हो। खेलकुद विकास नियम, २०४९ को नियम १० को खण्ड (ख) बमोजिम राष्ट्रिय खेलकुद परिषद्लाई जिल्ला खेलकुद विकास समिति विघटन गर्नसक्ने अधिकारअन्तर्गत विघटन गरिएको भन्ने विपक्षीहरूको लिखित जवाफ देखिन्छ। जानाजान र अमुक केही पदाधिकारीलाई मात्र लक्षित गरी हटाइएको कार्यलाई सो कानूनी व्यवस्थाबमोजिम भए गरेको हो, सो कानूनबमोजिमकै प्रक्रियाबाट भएको हो भनी निष्कर्ष निकाल्न न्यायोचित नदेखिने।

निवेदकलाई मिति २०७१।९।१७ मा नियुक्त गरेको मितिले २०७५।९।१६ मा ४ वर्षको पदावधि पुग्ने हुँदा उक्त पदावधि नपुग्दै मिति २०७२।०६।१७ को निर्णयले मिति २०७२।६।१९ मा अवकाश दिएको कार्य कानून प्रतिकूल हुँदा बदरभागी देखिन्छ। तसर्थ राष्ट्रिय खेलकुद परिषद्को मिति २०७२।६।१७ को निर्णय र च.न.६९१ मिति २०७२।०६।१९ को पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकलाई सप्तरी जिल्ला खेलकुद विकास समितिको अध्यक्ष पदमा कामकाज गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-WO-०४८६, उत्प्रेषण / परमादेश, *निर्मला भुजेलसमेत वि. राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ९

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-१२३७, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. शंकरराज तिमिल्सिना*

जाहेरवालीसँग प्रतिवादीले विवाह गरेको तथ्य जाहेरवाली स्वयम्ले स्वीकार गरेको देखिन्छ। प्रतिवादीको पेसा मन्दिरको पुजारी रहेको भन्ने देखिन्छ। जाहेरवालीसँग विवाह गर्दाको खर्च त्यसपछि नेपाल आउँदा र भारत बम्बईसम्म जाँदा भएको खर्चका सम्बन्धमा आफ्नो श्रीमती जाहेरवालीसँग भएको खर्च असुल गर्ने सम्बन्धमा प्रतिवादीले व्यक्त गरेको कुरा र कोठामा भारतीय मानिसहरू आउने रक्सी खाने र हिन्दीमा कुरा गर्ने गरेको कारणले प्रतिवादीले जाहेरवालीलाई बेच्ने हो कि भन्ने शङ्का गरी आफू प्रतिवादीलाई थाहा नदिई Rescue Foundation मार्फत नेपाल फर्किएको भन्नेसम्मको आधारमा जाहेरवालीलाई प्रतिवादीले बिक्री गर्ने उद्देश्यकै लागि विदेश भारत लगेको भनी अनुमान गर्न मिल्ने देखिँदैन। दुई जनाको विदेशमा बसाईमा हुने खर्च आम्दानीको आधार तथा विवाह भार नेपाल आउँदा भारत फर्किँदा भएको खर्चबारे व्यक्त भएको कुरा र सो खर्च व्यवस्थापन सम्बन्धमा भएको कुराकै आधारमा सो खर्च जाहेरवालीलाई बिक्री गरेर असुल गर्ने भन्ने जाहेरवालीको शङ्का एवम् सोही शङ्काकै आधारमा जाहेरवाली आफू २०६७ साल असोज २७ गते नेपाल आई पुगे पछि सोचविचार गरी (After thought) २०६८।३।१४ मा दिएको जाहेरी दरखास्त एवम् सो

समर्थनमा जाहेरवालीले गरेको बकपत्र अन्य स्वतन्त्र प्रमाण तथा परिस्थितिबाट पुष्टि नभएको अवस्थामा केवल जाहेरवालीको शङ्कायुक्त पोलकै भरमा प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिने।

तसर्थ प्रस्तुत मुद्दामा जाहेरवालाको जाहेरी र अदालतमा भएको बकपत्रबाहेक अन्य स्वतन्त्र तथ्ययुक्त ठोस सबुत प्रमाणको अभावमा केबल शंकाजनक जाहेरी एवम् अनुमानको भरमा प्रतिवादीउपर आरोपित कसुर ठहर गर्न फौजदारी न्यायको सिद्धान्तसमेतको प्रतिकूल हुन जान्छ। साथै शङ्काको सुविधा अभियुक्त अर्थात् प्रतिवादीले पाउने नै हुँदा प्रतिवादीले आरोपित कसुर गरेको भनी कसुरदार ठहर गरेको सुरू कैलाली जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, दिपायल, डोटीबाट मिति २०७०।४।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजला अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०१३८२, गोबध, *नेपाल सरकार वि. रूकमागत घिमिरेसमेत*

घटनास्थलबाट कुहिएको मासु, हाड, छाला मात्र बरामद भएको र सो मासु हाड, छाला गाईको हो वा अन्य जनावरको हो भनी यकिन गर्नसकेको पनि देखिँदैन । उक्त कुहिएको मासु गाईको नै भए पनि गाई कुनै दुर्घटना वा भवितव्यमा परी मरेको हो वा मारी गाडेको हो भन्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षले गुजार्न सकेको देखिँदैन । गाई बिक्री गर्ने व्यक्तिले अदालतसमक्ष उपस्थित भई आफूबाट गाई किनी मारेको भनी लेखाउन र भन्न सकेको समेत छैन । गाईको लास जाँच मुचल्का शव परीक्षण प्रतिवेदनसमेत खडा गरी पेस गर्नसकेको पाइँदैन। यस्तो अवस्थामा गाई हो वा अन्य जनावर मरी गाडेको भन्ने कुरा नै यकिन हुन नसकेको अवस्थामा यी प्रतिवादीहरूले गाई मारे भनी भन्ने मिल्ने नदेखिने।

जाहेरी दरखास्त र घटना विवरणका कागजहरूलाई अन्य प्रमाणहरूबाट समर्थित नभएसम्म स्वतन्त्र प्रमाणको रूपमा लिन मिल्ने देखिँदैन । जाहेरवाला वादी पक्षको साक्षी हुने हुँदा निजको अदालतसमक्षको बयानबाटसमेत उक्त वारदात भएको भन्ने देखिँदैन। त्यसैगरी गाईको बाच्छी खरिद गरी ल्याएको भनिएकोमा सो बाच्छी बिक्री गर्ने भनिएका मानिसलाई बुझी कागज गराएकोसमेत देखिँदैन । गाईको बाच्छी बिक्री गर्ने व्यक्तिले आफ्नो घरबाट लगी काटी मारी खाए भनी उजुरी गरेको समेत देखिँदैन। यस्तो अवस्थामा कसकोबाट गाईको बाच्छी खरिद गरेको हो सोसमेत वादी पक्षले पुष्टि गर्नसकेको नदेखिने।

प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको साबितीबाहेक अन्य कुनै ठोस एवम् वस्तुनिष्ठ प्रमाण वादी पक्षले गुजार्न सकेको देखिँदैन। अन्य स्वतन्त्र प्रमाणबाट समर्थित नभएसम्म प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको बयानलाई स्वच्छापूर्वकको बयान हो भनी मान्न मिल्ने देखिँदैन । शङ्का र अनुमानको भरमा कसैलाई दोषी करार गर्न मिल्ने देखिँदैन । वारदात भए वा नभएको पुष्टि नै नभएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम कसुरदार ठहर गर्नु कानून एवम् न्यायको मान्य सिद्धान्तप्रतिकूल हुन जान्छ । अभियोजन पक्षले शङ्कारहित तवरबाट अभियोग पुष्टि गर्नसकेको नदेखिने।

तसर्थ प्रतिवादीमध्येका रूकमागत घिमिरेलाई अभियोग दाबीबमोजिम सजाय हुने र अर्का प्रतिवादी छविलाल बुढालाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू बागलुङ जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबाट

सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, बागलुङबाट मिति २०७०।८।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०६४५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. किसनलाल मुखिया*

प्रतिवादी किशनलाल मुखियाले अनुसन्धान अधिकारी तथा अदालतमा गरेको बयान, जाहेरवाला फगुलाल मुखियाले गरेको घटना विवरण कागज, अनुसान्धानको क्रममा कागज गर्ने लुखियादेवी मुखिया, विजुलीदेवी मुखिया, विरानदेव मण्डलसमेतका मानिसहरूले वारदातको विवरण उल्लेख गर्दै बेलाबेलामा प्रतिवादी मानसिक रोगी (बौलाहा) ले गर्ने क्रियाकलाप गर्थे भनी कागज लेखाएको देखिन्छ । डा. रोशन पोखरेलले अदालतमा आई गरेको बकपत्र, यी प्रतिवादीको घटना घट्नुभन्दा करिब २/३ वर्ष अगाडिदेखि घटना घटेको लगत्तै र घटना घटेको करिब एक वर्षसम्मको परीक्षण र उपचारको विवरणबाट यी प्रतिवादी किशनलाल मुखिया मानसिकरूपमा अस्वस्थ रहेको स्थापित हुन आउने।

प्रतिवादी २/३ वर्ष पहिलेदेखि मानसिक रोगको उपचारमा रहेको रेकर्डबाट देखिएको छ भने घटना घटेको लगत्तै गरेको परीक्षणबाट समेत निज Psychitric disorder मानसिक असुन्तलन भएको, कोशी अञ्चल अस्पतालले पुष्टि गरेको छ। त्यसैगरी सोपश्चात् पनि निरन्तर उपचार गरिरहेको देखिन्छ। निज प्रतिवादीले अदालतसमक्ष बयान गर्दा वारदातको दिन पनि खाना खाई श्रीमतीसँग सँगै सुतेकोमा कतिबेला निन्द्राले छाडेछ थाहा भएन शरीरमा एक्कासी बिराम (भुत) आयो र श्रीमतीलाई कोदालो चुलेसी र के केले हानेँ थाहा नै पाइन एकैचोटी रगतै रगत देखेपछि आफूलाई समेत पेटमा खन्तीले हानि घाइते भएँ भन्ने कथन निजका छोरा जेहरवाला फागुलाल मुखियाको बाबुको मानसिक अवस्था ठीक नभएको भन्ने कथन र परीक्षण गर्ने डा. रोशन पोखरेलको शङ्का लाग्नु, छटपटाउनु, मान्छे नै नभएको ठाउँमा मान्छे बोलेको आवाज सुन्नु जस्ता लक्षण हुने भन्ने कथनले यी प्रतिवादी मानसिक रोगबाट ग्रसित भई आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा नपाउने अवस्थामा रहेका थिए भन्ने पुष्टि भएको छ। यसको साथै आफ्नो श्रीमतीलाई मार्ने विषयमा कतै कसैसँग सल्लाह गरेको, पूर्वयोजना बनाएको भन्ने मिसिल संलग्न कागजबाट देखिएको छैन, श्रीमतीलाई मार्नुपर्नेसम्मको कारण र आसय पनि मिसिल संलग्न कागजातबाट देखिँदैन । एउटा सामान्य समझ भएको व्यक्तिले अकारण आफ्नो श्रीमतीलाई मर्नेसम्मको परिणाम निस्कने गरी खन्ती, कोदालो र चुलेसीसमेतले अन्धाधुन्द प्रहार गर्छ भन्ने अनुमान गरी निष्कर्षमा पुग्न मनासिब नदेखिने।

तसर्थ प्रतिवादी किसनलाल मुखियालाई DX Schizophrenia भन्ने मानसिक रोग लागेको देखिन आएको हुँदा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको स्थितिमा प्रतिवादीले आफ्नो श्रीमती रामशिलादेवीलाई कुटी हानि सोही चोटबाट निजको मृत्यु भएको देखिँदा दण्ड सजायको महलको १ नं. बमोजिम प्रतिवादी किसनलाल मुखियालाई खतबात लाग्ने अवस्था नहुँदा सोहीबमोजिम सुरू मोरङ जिल्ला अदालतले सजाय नगर्नुपर्नेमा आरोपित कसुर ठहर गरी सजाय गर्ने गरेको मिति २०६८।१२।१३ को फैसला उल्टी भई प्रतिवादी किसनलाल मुखियाले सजायबाट मुक्ति पाउने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।११।१ मा भएको फैसला मिलेकै देखिँदा

सदर हुने।
इजलास अधिकृतः जगतबहादुर पौडेल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०७०-CR-१४४७, कर्तव्य ज्यान, *हरि किसुन महतो वि. नेपाल सरकार*

समयको अन्तरालपछि अदालतमा भएको बकपत्रमा प्रतिवादीलाई फाइदा पुग्ने गरी वा सजायबाट उन्मुक्ति दिने उद्देश्यले कुनै लोभ लालच वा प्रभाव वा दबाबसमेतमा परी प्रतिवादीहरूलाई सफाइ दिलाउने सोच बनाई आफ्नो मौकाको भनाईलाई खण्डन गर्दै अन्यथा हो भनी निवेदन दिएकै आधारमा सो मौकामा उल्लेख गरेको तथ्य अन्यथा हो भनी प्रतिवादीको हकमा प्रमाणमा लिन नमिल्ने।

घटना विवरणको कागज गर्ने व्यक्तिहरूले प्रतिवादीलाई सफाइ दिने गरी बकपत्र गर्दैमा प्रतिवादीलाई निरपराध ठहर गर्नुपर्ने वा कसैले प्रतिवादी विरूद्ध बयान दिँदैमा अपराधी ठहरिनै पर्ने भन्न सकिँदैन। कुनै मुद्दाका व्यक्तिको भनाईलाई सबुतको रूपमा मात्रै लिन सकिन्छ, अकाट्य प्रमाण मान्न सकिँदैन । मिसिल संलग्न रहेका प्रमाणहरू जाहेरी दरखास्त, घटना प्रत्यक्ष देख्ने व्यक्तिको भनाईले कसुर वारदात स्थापित गर्दछ भने मौकाको भनाईलाई प्रमाणमा लिन मिल्दछ । बकपत्र गर्दा मौकाको कागजलाई अन्यथा हो भनी उल्लेख गर्दैमा विना आधार सो कुरा प्रमाणयोग्य नहुने।

प्रत्यक्षदर्शी मृतककी श्रीमती रम्भादेवीले गरेको बकपत्रबाट यी प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता रही लडाइँ साहलाई कुटपिट गरी सोही कारणबाट मृतकको मृत्यु भएको देखिन्छ । प्रतिवादीहरूको सामूहिक कुटपिटका कारणबाट नै मृतकको मृत्यु भएको भन्ने तथ्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको देखिँदा यी प्रतिवादीहरू कसुरदार हैनन भनी भन्न सकिने अवस्था नदेखिने।

तसर्थ, उल्लिखित तथ्य, कानूनी व्यवस्था, आधार कारण र मिसिल संलग्न प्रमाणहरूबाट मृतक लडाइ साहको मृत्यु यी प्रतिवादीहरू हरि किशोर महतो भन्ने हरि किसुन महतो, बलिराम राय यादवसमेतले कुटपिट गरेको कारणबाट मृतकको मृत्यु भएको देखिएको, यो यसको कुटाईको चोटबाट मृत्यु हुन गएको भन्ने नदेखिँदा प्रतिवादीद्वयलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।०९।०९ मा भएको फैसला केही उल्टी भई प्रतिवादीहरूलाई सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने । मृतक र प्रतिवादीहरूबीच मार्नुपर्नेसम्मको पुर्व रिसइवी नभएको, वारदात घट्दा जोखिम हतियार प्रयोग भएको नदेखिएको, योजनाबद्ध किसिमले वारदात घटाउन तयारी गरेको पनि नदेखिएको, जग्गाको आली सम्बन्धमा विवाद भई वारदात घट्न गएको देखिएकोसमेत अवस्था परिस्थितिका कारण निज प्रतिवादीहरूलाई जनही १२(बाह्र) वर्ष कैद सजाय गर्ने गरी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम राय व्यक्त गरेको रायसहितको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।०९।९ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत: नगेन्द्र केशरी पोखरेल
कम्प्युटर: सबिना अधिकारी
इति संवत् २०७३ साल फागुन २३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०६९-CR-०७१६, ०६९-CR-०७१७, ०७१-CR-०१८६ र ०७१-RC-०१६२, कर्तव्य ज्यान, *नइन्द्रबहादुर राई वि. नेपाल सरकार, भूपध्वज बस्नेत वि. नेपाल सरकार, दिपेन्द्र नाछिरिङ राई वि.*

*नेपाल सरकार र नेपाल सरकार वि. केदार राई*

प्रतिवादीहरू केदार राई र दीपेन्द्र नाछिरिङ राईले मृतकले प्रतिवादीहरूलाई समय समयमा दिएको यातनाबाट पीडित भई मृतकलाई मार्ने योजना बनाएको र सोअनुरूप दीपेन्द्र राईले घटना घटेको दिन दिउँसो मृतकको घरमा गई निज सुत्ने गरेको ठाउँ पत्ता लगाई सोही दिन राति दुवैले भरूवा बन्दुक बोकी गई मृतकलाई गोली प्रहार गरी मृतकलाई कर्तव्य गरी मारेको देखिँदा यी प्रतिवादीहरू केदार राई र दीपेन्द्र नाछिरिङ राईलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने।

प्रतिवादीहरू नइन्द्रबहादुर राई र भूपध्वज बस्नेतले मृतक लोकबहादुर वि.क.लाई मार्न वचन दिएको सहयोग गरेको मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा निजहरूलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।५।२० को फैसला नमिलेकोले उल्टी भई निज प्रतिवादीहरू नइन्द्रबहादुर राई र भूपध्वज बस्नेतले आरोपित कसुरबाट सफाइ पाउने।

तसर्थ पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।५।२० मा भएको फैसला प्रतिवादीहरू भूपध्वज बस्नेत र नइन्द्रबहादुर राईको हकमा मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरूद्वय भूपध्वज बस्नेत र नइन्द्रबहादुर राईले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। अन्य प्रतिवादीहरू दीपेन्द्र नाछिरिङ राई र केदार राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भोजराज रेग्मी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-००६९, ०७०-CR-०३५२ र ०७०-CR-०३४७, कर्तव्य ज्यान, *सन्तबहादुर श्रेष्ठ वि. नेपाल सरकार, दिपक सुनुवार वि. नेपाल सरकार र नेपाल सरकार वि. दिपक सुनुवारसमेत*

प्रतिवादी दिपक सुनुवारले मौकामा गरेको साबिती बयान, लास प्रकृति मुचुल्का उल्लिखित मृतकलाई लागेको घा चोटको प्रकृति एवम् मृत्युको कारण, जाहेरवालाहरू तथा बुझिएका मानिसहरू योगेन्द्र थापामगर, सुन्दर थापाले गरेको कागज एवम् बकपत्र व्यहोरासमेतका मिसिल संलग्न कागज प्रमाणहरूको आधारमा यीनै प्रतिवादी दिपक सुनुवारले छोडेको चोट प्रहारबाट निज मृतकको मृत्यु भएको पुष्टि भएको पाइँदा निजले मृतक मन्दिप भन्ने मनिष थापा मगरलाई कर्तव्य गरी ज्यान मारेकै देखिँदा निजलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहराएको फैसला त्रुटिपूर्ण नभई मनासिब नै देखिने।

वादीले दाबी लिई दायर गरेको सम्पूर्ण विषयहरूमा निर्णय कर्ताले कुन कुरातर्फ दाबी पुग्छ कुनमा पुग्दैन भनी यथोचितरूपमा व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्नु पर्दछ। दाबीमा उल्लेख गरेको ठूलो कर्तव्य ज्यानको कसुर कायम हुने ठहरी फैसला भएको कारणले त्यहि वारदातबाट कायम भएको पीडितमध्ये चोट लागि घाइते भएका व्यक्तिहरूको सम्बन्धमा लिएको ज्यान मार्ने उद्योगको दाबी पुग्न सक्छ सक्दैन सोतर्फ पनि ठहर निर्णय गर्नु पर्दछ। त्यसरी निर्णय हुँदा कसुर कायम भए पनि एउटै वारदातमा ठूलो सजाय गर्ने ठहर भइसकेको स्थितिमा दाबीमा उल्लेख गरेको सानो कसुर सम्बन्धमा केही बोल्न नपर्ने भनी निष्कर्ष निकाल्नु त्रुटिपूर्ण हुने।

जाहेरवालाहरूको बकपत्र तथा बुझिएका योगेन्द्र मगरसमेतको बकपत्रबाट पनि यी प्रतिवादी श्याम श्रेष्ठको मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा र घाइतेहरूलाई प्रहार गरी चोट पुऱ्याउने कार्यमा

संलग्न भएको देखिन नआउँदा कामको प्रकृतिअनुसार घटनास्थलमा मौजुद रहेको भन्ने आधारमै मात्र सो वारदातमा निजको संलग्नता थियो भनी मतलबीसम्म देखिएको भनी पुनरावेदन जिकिर लिएको कुरातर्फ बेवास्ता गरी वस्तुनिष्ठ प्रमाणको अभावमा ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुर ठहर गरी सोहीबमोजिम निज प्रतिवादी श्याम श्रेष्ठलाई सजाय हुने गरी सुरूको फैसला सदर गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेको नदेखिने।

भरत वली, उदय मोहन गौचनसमेतका अन्य प्रतिवादीहरूका सम्बन्धमा निज प्रतिवादीहरू अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा समेत कसुरमा पूर्णरूपमा इन्कार रहेको देखिन्छ। निज प्रतिवादीहरूको मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्नता रहेको ठोस सबुत प्रमाण प्रस्तुत हुन नसकेको, जाहेरवालाहरू र बुझिएका घाइते योगेन्द्र मगर र सुन्दर थापाले बकपत्र गर्दासमेत यी प्रतिवादीहरूको प्रस्तुत मुद्दाको कसुरमा संलग्नता रहेको भन्नेबारे यकिन गरी लेखाउन सकेको पनि पाइँदैन । यस अवस्थामा शङ्काकै भरमा उल्लिखित अन्य प्रतिवादीहरूलाई कसुरदार ठहर गरी सजाय गर्नु न्यायको रोहमा उचित र न्यायसङ्गत नहुँदा सफाइ दिने ठहऱ्याई भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखिने।

तसर्थ, सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।५।१४ मा भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत, पाटनको मिति २०६९।१२।०६ को फैसला केही उल्टी भई प्रतिवादीमध्येका दिपक सुनुवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुनेसम्म सदर र अर्का प्रतिवादी श्याम श्रेष्ठ भन्ने सन्तबहादुर श्रेष्ठका हकमा निजले अभियोग मागदाबीबाट सफाइ पाउने । प्रतिवादी दिपक सुनुवार वारदातस्थल न्यू डायमण्ड रेष्टुरेन्टमा कार्यरत कामदार रहेको देखिन्छ । सोही रेष्टुरेन्टमा भएको हुलदंगाका कारण वारदातमा संलग्न भई तत्काल उठेको रिस थाम्न नसकी कसैको बहकाव वा दबाबमा अपराध गरेको अवस्था पनि नदेखिएको, मार्नेसम्मको इवी अदावत लिई पूर्वयोजना बनाई हत्या भएको पनि नदेखिएको तत्कालीन परिस्थितिका कारण हातपात भई घटनामा संलग्न व्यक्तिको मृत्यु भएको हुँदा वारदात र अपराध गरेको अवस्थालाई हेर्दा इवी अदावतसहितको सुनियोजित हत्याको प्रस्तुत वारदात भएको भन्ने देखिएन । मदिरा सेवन गर्ने दुवै पक्षको होस ठेगान नभएको अवस्थामा हातपात हुँदा भएको घटना वारदातको प्रकृति र स्वरूपलाई विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने हुँदा अ.बं. १८८ नं. बमोजिम १४ वर्षसम्मको कैद सजाय गर्दासमेत न्यायको मक्सद पूरा हुने नै देखिएकोले निज प्रतिवादीलाई कैद वर्ष १४(चौध) हुने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल चैत १७ गते रोज ५ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-१३०८ र ०७१-CR-१४४९, कर्तव्य ज्यान, *संघर्ष गाउले खत्री वि. नेपाल सरकार र भरत खत्री वि. नेपाल सरकार*

Cause of Death is Decapitation by Sharp force Object भन्ने शव परीक्षण प्रतिवेदनबाट जोखिमी हतियारको प्रयोग भएको र टाउको तथा शरीरको अन्य भाग छुट्याएको भन्ने देखिएको छ । मृतकको टाउको र शरीरको भाग अलग अलग ठाउँमा भेटिएकोले प्रतिवादीहरूको मौकाको साबिती बयानमा उल्लेख भएअनुसार टाउको काटी हत्या गरेको हो भन्ने कुरा शङ्कारहित सबुदबाट प्रमाणित भएको देखिन्छ।

उक्त हतियार हेम्बर र दाउ आफूले छाडेको, प्रतिवादी भरत खत्रीले खुट्टा समातेको भन्ने संघर्ष गाउँलेको अधिकारप्राप्त अधिकारीसमक्षको बयान र सोही व्यहोराको प्रतिवादी भरत खत्रीको परस्पर पोलावटयुक्त बयान भएको अवस्थामा यी प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानलाई अन्यथा मान्नु पर्नेसम्मको कारण पुनरावेदकहरूले पुष्टि गर्न नसकेकोले भरत खत्रीले खुट्टा समातेको र संघर्ष गाउँले खत्रीले काटेको भन्ने वारदात पुष्टि हुन आएकोले यी प्रतिवादीहरू संघर्ष गाउँले खत्री र भरत खत्रीको मृतक मेनुका खत्रीलाई कर्तव्य गरी मार्नमा संलग्नता रहेको पुष्टि हुन आउने।

घटना विवरणका मानिसहरूको मौकाको कागज र यी प्रतिवादीहरू भरत खत्री र संघर्ष गाउँले खत्रीको मौकाको बयानबाट मृतक र प्रतिवादी भरत खत्रीबीचमा बारम्बार झगडा हुने गरेको र मृतकले निजको मासिक तलबसमेत कटाई खाने गरेको भन्ने देखिन आएको छ। मिति २०५९।११।२० गते मेनुका खत्रीलाई विवाह गरेपछि निज भरत खत्रीले भनेको नमान्ने, घरमा राम्रोसँग काम नगरी माइती र घर गरी बस्दै आएकोमा २०६२ सालमा छोरा आयुषको जन्म भएपछि माइतीमा गई बसेको र घरमा आएर बस भन्दा नमानेको जस्ता तथ्यहरू व्यक्त गरी प्रतिवादीहरू भरत खत्री र संघर्ष गाउँले खत्रीले मौकामा साबिती बयान गरेको देखिन्छ। घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, खानतलासी तथा बरामदी मुचुल्का, मृतक र भरत खत्री तथा प्रतिवादीहरूबीच समेत भएको कल डिटेल्सबाट समर्थित भएको अवस्थामा केवल अदालतको इन्कारी बयान र पुनरावेदन जिकिरकै आधारमा मात्र यी प्रतिवादीहरू निर्दोष रहेछन् भनी मान्न मिल्ने नदेखिने।

प्रतिवादी भरत खत्री मृतक मेनुका खत्रीलाई मार्ने योजना बनाउने र मृतकलाई मार्न संयोग पारी दिने जस्ता कार्य गर्ने मुख्य कसुरदार देखिएपनि मृतकको ज्यान मर्नेसम्मको चोट निजले प्रहार गरेको नभई प्रतिवादी संघर्ष खत्रीले प्रहार गरेको देखिएको र प्रतिवादी भरत खत्रीले मृतक मेनुका खत्रीको खुट्टामा समाती मार्नमा संयोग पारी दिएको देखिएकाले पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणबाट, प्रतिवादीमध्येका संघर्ष गाउँले खत्रीको प्रहारबाट मेनुका खत्रीको मृत्यु भएको भन्ने पुष्टि भएको आधारमा निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने र प्रतिवादी भरत खत्रीले मृतकलाई हतियार प्रहार गरेको नभई ज्यूमा हातहाली पक्रेकोसम्म देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।१०।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल असार ८ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WH-००६६, बन्दीप्रत्यक्षीकरण, *फुलमाया कार्की वि. देउती पौडेलसमेत*

निवेदिकाले मौकामा बयान गर्दा लेखाएकै का.जि.का.म.न.पा. वडा नं.१६ को वतनमा वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याद जारी भई उक्त म्याद मिति २०७०।३।११ मा निजको घरदैलोमा रीतपूर्वक टाँस भएकोमा सो म्यादमा वैदेशिक रोजगार न्यायाधिकरणमा हाजिर हुन नआएको, उक्त सो वतनमा म्याद तामेल गरेको मिलेन बदर गरी प्रतिवाद गर्न पाउँ भनी वैदेशिक रोजगार न्यायाधिकरणमा दिएको निवेदनमा मिति २०७०।४।८ मा उक्त तामेली म्याद बदर नहुने भनी भएको आदेश अन्तिम भएर बसेको, यी निवेदिकाले देउमाया पौडेलसमेतउपर दिएको किर्ते मुद्दामा समेत आफ्नो वतन का.जि.का.म.न.पा. वडा नं.१६ भनी स्वीकारसमेत गरेबाट वैदेशिक रोजगार

न्यायाधिकरण काठमाडौंले यी रिट निवेदिकाको वास्तविक वतनमा म्याद जारी गरी रीतपूर्वक म्याद तामेल भएको देखिँदा म बस्दै नबसेको वतनमा म्याद तामेल गरी प्रतिवाद गर्ने मौका नदिएको भन्ने रिट निवेदिकाको जिकिर मनासिब नदेखिने।

वैदेशिक रोजगार न्यायाधिकरणले यी रिट निवेदिका फूलमाया कार्कीलाई प्रतिवाद गर्ने मौका प्रदान गरेकोमा निज उपस्थित हुन नआएपछि वैदेशिक रोजगार न्यायाधिकरणबाट सबुद प्रमाणको मूल्याङ्कन गरी मिति २०७१।९।१३ मा यी रिट निवेदिकालाई एक वर्ष छ महिना कैद र रू.१,५०,०००।– जरिवाना हुने ठहरी फैसला भएको देखिन्छ । सो फैसलाअनुसार लागेको कैद तथा जरिवाना असुल गर्न कसेको लगतअनुसार यी रिट निवेदिकालाई मिति २०७३।११।२२ मा पक्राउ गरी काठमाडौं जिल्ला अदालतको लगत नं. २०१३५, कैदी ढड्डा नं.६८१, च.नं. ५२९९ मिति २०७३।११।२२ को पत्रबाट कारागार कार्यालय जगन्नाथ देवल काठमाडौंमा कैद म्याद ठेकी थुनामा राख्न पठाएको देखिँदा यी रिट निवेदिकालाई गैरकानूनीरूपमा थुनामा राखेको नदेखिने।

अतः माथि विवेचित आधार तथा कारणबाट रिट निवेदिकाको कुनै पनि संवैधानिक हकको हनन् भएको नदेखिँदा रिट निवेदन माग दाबीबमोजिमका आदेशहरू जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल असार ८ गते रोज ५ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-००६९, अंश चलन, *विक्रम राणासमेत वि. माधव विक्रम राणा*

वादी प्रतिवादीहरूबीचमा २०२०।८।८ मा अंशबन्डा भएको देखिन्छ । वादी प्रतिवादीहरूका बीचमा २०२० सालमा भएको उक्त बन्डापत्रको व्यहोरा हेर्दा उपत्यकाभित्रका आजअघिका घर जग्गा पछि भागबन्डा गर्ने हाललाई आयस्ता भागशान्ति बाँडी खाने भोगचलन गर्ने गरी १० जना सगोल अबन्डामा राखी सोबाहेक अन्य बन्डा गर्ने भन्ने व्यहोरा उल्लेख भएको देखियो । उक्त बन्डापत्रमा भएको व्यहोरामा वादी प्रतिवादीको अन्यथा भनाई नभएकाले सो बखत उपत्यकामा रहेका जग्गाहरू अबन्डाका हुन् भन्नेमा विवाद रहेको नदेखिने।

२०२० सालमा अंशबन्डा गरिसकेपश्चात २०२१ सालमा घरसारमा भएको लिखत हेर्दा अबन्डा रहेको जग्गाबापत नगद बुझिलिएको भन्ने देखिन्छ। वादी प्रतिवादीहरूका आमाका नाममा रहेका उपत्यकामा रहेका जग्गाहरूमध्ये २०३३ सालमा केही जग्गा छोरा अंशियारहरू राजेन्द्र विक्रम राणा, प्रज्ज्वल विक्रम राणा, राम विक्रम राणा र अच्युत विक्रम राणालाई हालैको बकसपत्र गरी आमा डोल राजेश्वरी राणाले दिएको र सो हालैको बकसपत्रको लिखतमा यी वादी माधव विक्रम राणा साक्षी बसेको देखियो । २०३३ सालको हालैको बकसपत्रमा यी वादी साक्षी बसेको देखिँदा उक्त हालैको बकसपत्रमा उल्लेख भएका जग्गाको हकमा निजले आफ्नो भागको हक दाबी छाडेको भन्ने अर्थ गर्न सकिन्छ । सो लिखतमा साक्षी बसेकै आधारमा बाबु आमाका नाममा बाँकी रहेका जग्गाको समेत हक दाबी छाडेको भन्न मिल्दैन। यसरी हेर्दा अबन्डामा रहेका जग्गाहरूमध्येबाट माधव विक्रम राणाले आफ्नो भागमा पर्ने जग्गाको मूल्य नगद बुझिलिएको र अन्य छोराहरूले २०३३ सालमा हालैको बकसपत्र गरी लिएको देखिँदा सबै छोराहरूलाई निजहरूको भाग बन्डामा पर्ने जग्गा दिई बाबु आमाको अंश हक जति बाबु आमाकै नाममा बाँकी रहेको भन्ने पुष्टि हुने।

वादी प्रतिवादीहरूले भागशान्तिअनुसार बाबु आमाबाट अबन्डामा रहेको सम्पत्तिबाट आफ्नो

हकजति प्राप्त गरी बाबु आमाको नाममा बाँकी रहेको सम्पत्ति बाबु आमाको अंशभागको मान्नुपर्ने भई बाबु आमाको अंश भागको सम्पत्ति निजहरूको शेषपछि सबै छोराहरूले बराबर बाँडी खान पाउनु नै न्यायोचित हुने देखिन्छ । बन्डापत्र गर्दा अबन्डामा रहेको बाबु आमाको नामको उपत्यकाभित्रका जग्गाहरूबाट सबै अंशियारहरूले आफ्नो भाग पाइसकेको देखिँदा कसैको हक जाने र कसैले २ पटक पाउने भन्ने अवस्था रहेको नदेखिने ।

अतः उल्लिखित तथ्य एवं आधार कारणबाट अबन्डा रहेको जग्गाको अंश हक नगदै बुझिलिएको देखिँदा अबन्डा घरजग्गा बन्डा गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरु काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबीको जग्गामा दाबीबमोजिम वादीले ७ भागको १ भाग बन्डा पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।८।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७१-CR-१२०९, ०७१-CR-१३५७ र ०७१-CR-१३५८, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *सन्तबहादुर चेपाङ वि. नेपाल सरकार, रामशरण चेपाङ वि. नेपाल सरकार र बुद्धिराम चेपाङ वि. नेपाल सरकार*

वादी पक्षले पुनरावेदक प्रतिवादी सन्तबहादुर चेपाङको मौकाको साबितीलाई र घटनामा संलग्नता रहेको पुष्टि हुने गरी सबुद प्रमाण पेस गरी पुष्टि गर्न सकेकोसमेत देखिँदैन । जाहेरवाला जीतबहादुर चेपाङले सुरुमा जाहेरी दिँदा प्रतिवादी सन्तबहादुर चेपाङको नाम जाहेरीमा उल्लेख गरेको पनि देखिँदैन । सन्तबहादुर चेपाङ घटनास्थलमा उपस्थित थिए भनी बुद्धिराम वा रामशरण वा घाइते चन्द्रबहादुर कसैले भनेको देखिँदैन । निजले यो यसरी षड्यन्त्र गऱ्यो भन्ने स्थापित हुनसकेको छैन । यस अवस्थामा मौकाको साबितीलाई मात्र आधार मानी अन्य स्वतन्त्र र ठोस प्रमाणबाट सन्तबहादुर चेपाङको संलग्नता नदेखिएको अवस्थामा यी पुनरावेदक प्रतिवादी सन्तबहादुर चेपाङको मृतक बुद्धिमाया चेपाङलाई मार्नमा र चन्द्रबहादुर चेपाङलाई घाइते बनाउने वारदातमा संलग्नता रहेको भन्न मिल्ने नदेखिने ।

घटनाका प्रत्यक्षदर्शी चन्द्रबहादुर चेपाङले अदालतमा बकपत्र गर्दा बुद्धिमायालाई बुद्धिराम चेपाङ र रामशरण चेपाङले हिर्काएका हुन् भनी बकपत्र गरेको, घाइते घटनामा प्रयोग भएको दाप नभएको नाङ्गो खुकुरी बुद्धिराम चेपाङको घरको माथिल्लो तलाको उत्तर दक्षिणतर्फको गाह्रोबाट बरामदसमेत भएको, निज प्रतिवादीहरूउपर किटानी जाहेरी परेको, साथै मौकामा कागज गर्ने वादी पक्षका साक्षीहरू चन्द्रबहादुर चेपाङ, जीतबहादुर चेपाङ, रामबहादुर अधिकारी, शिवराज पन्त र श्याम चेपाङले समेत यी पुनरावेदक प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भनी मौकामा गरेको कागजलाई पुष्टि हुने गरी अदालतमा बकपत्रसमेत गरेका, शव परीक्षण प्रतिवेदन र घा जाँच रिपोर्टबाट यी पुनरावेदक प्रतिवादीहरूको साबिती बयान पुष्टी हुन आएको हुँदा यी पुनरावेदक प्रतिवादीहरू रामशरण चेपाङ र बुद्धिराम चेपाङको मृतक बुद्धिमाया चेपाङलाई मार्नमा र चन्द्रबहादुर चेपाङलाई घाइते बनाउने वारदातमा संलग्नता रहेको पुष्टी हुन आउने ।

पुनरावेदक प्रतिवादीहरू रामशरण चेपाङ र बुद्धिराम चेपाङको कर्तब्यबाट नै बुद्धिमाया चेपाङको मृत्यु भएकोमा विवाद नदेखिएको, यी प्रतिवादीहरूले पुनरावेदनमा जिकिर लिएबमोजिम आफूहरू अचेत अवस्थामा पुगेको बेला कर्तव्य गरेको भनी जिकिर लिएपनि दिउँसो योजना बनाई राति मार्न भनी घरबाट धारिलो जोखिमी हतियार लिएर गई वारदात घटाएको देखिएको छ । घटनास्थल र प्रतिवादीहरूको घर वा रक्सी खाएको स्थलको दूरीलाई हेर्दा, अचेत अवस्थामा

भए गरेको अवस्था भए घरबाट खुकुरी बोकी मृतकसमेत रहे बसेको ठाउँसम्म जान सक्ने अवस्था नै हुने थिएन । त्यसैगरी वारदातपश्चात् निजहरू घटनास्थलबाट भागी गएको भन्ने देखिन आएकोले आफूले गरेको कामको परिणाम थाहा नपाउने अवस्थामा रहेका भनी लिएका जिकिरहरू स्वीकार गर्नसक्ने अवस्था नदेखिने।

प्रतिवादी रामशरण चेपाङ र बुद्धिराम चेपाङले पूर्वरिसइवी साधन गर्न धेरै पहिलेदेखि मार्ने योजना बनाई पटकपटक मार्न खोज्नु तर सफल नहुनु, अन्तमा दिउँसो योजना बनाई आफैँ घरबाट खुकुरी जस्तो घातक हतियार बोकी रातको सुती निदाउने समयमा मृतकको गोठभित्रै प्रवेश गरी सांघातिक आक्रमण गरी घटनास्थलमै मारी र चन्द्रबहादुरलाई गम्भीर घाइते बनाई आफू भाग्नेसमेतको काम गर्ने यी प्रतिवादीहरूलाई दाबीअनुरूपको कसुर स्वीकारै गरी राखेको अवस्थामा अभियोग माग दाबीअनुरूपको सजाय गर्दा चर्को पर्न जाने भनी अ.बं. १८८ नं. को प्रयोग गर्नुपर्नेसम्मको अवस्थासमेत विद्यमान देखिएन। तसर्थ यी पुनरावेदक प्रतिवादीहरू रामशरण चेपाङ र बुद्धिराम चेपाङको हकमा सुरू धादिङ जिल्ला अदालतको मिति २०७०।१०।२९।४ को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।८ मा भएको फैसलालाई अन्यथा मान्नुपर्ने देखिएन। तर पुनरावेदक प्रतिवादी सन्तबहादुर चेपाङको अनुसन्धान अधिकारीसमक्षको साबिती र अनुसन्धानमा भएको सहअभियुक्तको बयानलाई अन्य स्वतन्त्र प्रमाणले पुष्टी गर्नसकेको अवस्था नदेखिएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम सजाय गर्ने गरेको सुरू धादिङ जिल्ला अदालतको मिति २०७०।१०।२९ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।८ को फैसला सो हदसम्म मिलेको नदेखिने।

अतः माथि विवेचित आधार र कारणहरूबाट पुनरावेदक प्रतिवादीहरू रामशरण चेपाङ र बुद्धिराम चेपाङ मौकामा तथा अदालतमा समेत आफूहरूले बुद्धिमायालाई कर्तव्य गरी मारेको भनी कसुरमा साबित रही आफूहरूले गरेका सम्पूर्ण क्रियाकलापहरूलाई सिलसिलेवार ढंगबाट उल्लेख गरेको हुँदा तथा चन्द्रबहादुर चेपाङको हकमा अदालतमा खाँबोमा ठोक्किएको भनी प्रतिवादीहरू रामशरण चेपाङ र बुद्धिराम चेपाङले उल्लेख गरे पनि निजको टाउकोमा समेत काटिएको घाउ भई गम्भीररूपमा घाइते भएको देखिएको र सो कुरालाई निजहरूको मौकाको बयानबाट समेत पुष्टि हुन आएकाले निजहरूले मौकाको बयानमा उल्लेख गरेअनुरूपकै घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन, घा जाँच केश फारम, बरामदी मुचुल्का, मौकामा कागज गर्ने मानिसहरू र घाइतेको मौकाको कागज र अदालतको बकपत्र, घा जाँच रिपोर्टसमेतका मिसिल संलग्न प्रमाणहरूबाटसमेत पुष्टि हुन आएको हुँदा निज पुनरावेदक प्रतिवादीहरू रामशरण चेपाङ र बुद्धिराम चेपाङको हकमा बुद्धिमाया चेपाङलाई कर्तव्य गरी मारेमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम र चन्द्रबहादुर चेपाङलाई मरणासन्न हुने गरी कुटपिट गरी घाइते बनाएकोमा ऐ. १५ नं. बमोजिम सजाय गर्ने गरी भएको सुरू धादिङ जिल्ला अदालतको मिति २०७०।१०।२९ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।८ को फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ। यी पुनरावेदक प्रतिवादीहरू रामशरण चेपाङ र बुद्धिराम चेपाङको मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम सजाय घटाई पाउँ भन्नेसमेतको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रतिवादी सन्तबहादुर चेपाङको हकमा अभियोग दाबीको कसुरमा निजको संलग्नता नदेखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।८ को फैसला सोहदसम्म मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई निज प्रतिवादी सन्तबहादुर चेपाङले अभियोग दाबीबाट सफाइ पाउने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ ६ गते रोज ३ शुभम्।

**इजलास नं. १३**

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०६१७, निषेधाज्ञा, *विन्देश्वर साह वि. चित्रसेन साह तेली*

साबिक कि.नं. १०४७ को गाउँ ब्लक नं० ३०७ मा दर्ता भएको ०-२-३ जग्गामध्ये विवादित ०-०-८ जग्गा अंश भागमा परी दर्ता हुने गरी मिति २०४०।०२।२२ मा सप्तरी जिल्ला अदालतबाट मिलापत्रबाट निवेदकले प्राप्त गरेको मिसिल संलग्न रहेको मिलापत्रको प्रतिलिपीबाट खुली आएको देखिन्छ। २०४० सालमै अदालतको मिलापत्रसमेतबाट निवेदकको नाउँमा हक कायम भई दर्ता हुने भएको जग्गामा घरायसी सट्टापट्टाको लिखतबाट नामसारी दर्ता कायम हुन नसक्ने अवस्थामा सो मिलापत्र फैसलालगायतका कार्यलाई अन्यथा गर्न नमिल्ने।

कानूनद्वारा सिर्जित हक र दायित्वका विषयमा त्यसको बर्खिलाप हुने गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्दैन। निषेधाज्ञाको आदेश मूलतः कुनै निकाय वा अधिकारी वा व्यक्तिले अवैध वा अनधिकृत कार्य गरी कसैको कानूनी अधिकारमा आघात पुऱ्याउने आशङ्काको अवस्थामा सो कार्य रोक्नका लागि जारी गरिने आदेश हो। निषेधाज्ञाको आदेश जारी हुने विवादित विषयमा निवेदकको निर्विवाद हक वा स्वामित्व भएको हुनुपर्ने। निषेधाज्ञाको अर्थ कुनै व्यक्तिको निर्विवाद हकमा हुन जाने अवरोधलाई निषेध गर्नु हो तर कुनै व्यक्तिको हक सिर्जना गर्नु वा समाप्त गर्नु होइन। विपक्षीले विवादित विषयमा आफ्नो निर्विवाद हक देखाउन सक्नु भएको छैन। उल्लिखित करारनामा कागजबमोजिम निज विपक्षीले आधिकारिक निकायबाट आफ्नो हक स्रेस्ता कायम भएको लिखत देखाई पुष्ट्याईसमेत गर्न नसकेको अवस्थामा निवेदन माग दाबीकै आधारमा रजिष्ट्रेशन नभएको घरसारको लिखत र गाउँ विकास समिति कार्यालय, कटैया सप्तरीले गरेको सिफारिसलाई आधार मानी प्रस्तुत मुद्दाबाट हक भोग कायम गर्नसक्ने अवस्था देखिएन। हकभोगमा विवाद देखिए कानूनबमोजिम उपचार प्राप्त गर्नसक्ने अवस्था हुँदाहुँदै सोतर्फ विपक्षीले समयमा कारबाही चलाएकोसमेत मिसिल संलग्न कागजातबाट नदेखिने।

निवेदकको हक देखिएको जग्गामा घरसारमा भएको लिखतकै आधारमा त्यस्तो प्राप्त हकलाई निस्तेज हुने गरी अन्यथा आदेश गर्नु कानूनसम्मत् नहुने भएकाले पुनरावेदन अदालत, राजविराजको फैसला मनासिब नै देखिने।

तसर्थ, उल्लिखित तथ्य, आधार र कारणबाट निवेदन दाबीको जग्गा निवेदकको निर्विवाद हक भोगको रहेको देखिँदा उक्त जग्गामा घर नबनाउनु, कब्जा खिचोला नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।३।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-०३६७, उत्प्रेषण, *प्रकाश लामिछानेसमेत वि. जिल्ला शिक्षा कार्यालय दाङसमेत*

शुभप्रभात माध्यमिक विद्यालयले सुस्त श्रवण (बहिरा) हरूको विशेष शिक्षा सञ्चालन गर्न असहज भएको भनी शिक्षकहरूको बैठकले निर्णय गरेको सो निर्णयमा निवेदक सुभद्रा गौतमसमेत सहभागी भएको पाइयो। सुस्त श्रवण (बहिरा) विद्यार्थीहरूको लागि शुभप्रभात माध्यमिक विद्यालयमा शिक्षा दिन सहज नहुँदा पढाई गर्ने वातावरण र सामाग्रीहरूको पर्याप्तताको कमिले गर्दा सहज तौरतरिकाबाट ज्ञान आर्जन गर्नसक्ने हुँदैन। निवेदक स्वयम्ले सो विद्यालयमा त्यस्ता विद्यार्थीहरूको पढाईमा असहज रहेको भनी स्वीकार

गरी सार्नपर्ने निर्णयमा सहमति जनाएको छ । सहज वातावरण नभएको स्थानबाट उपयुक्त विद्यालयमा त्यस्तो पढाई स्थानान्तरण गर्नु विद्यार्थीहरूकै हित हुने ।

निवेदक शिक्षकहरूको नोकरीको सहजताको तुलनामा विद्यार्थीहरूले पढ्ने वातावरण र उपयुक्त स्थानले बढी प्राथमिकता र महत्त्व पाउने हुन्छ । शुभप्रभात माध्यमिक विद्यालयमा पठनपाठन गर्न असहज भएको भनी निर्णय गरेको र राप्ती विद्यामन्दिरले सो कार्यक्रम माग गरेको सन्दर्भमा शिक्षा ऐन, २०२८ बमोजिम कार्यक्रम स्थानान्तरण गर्नसक्ने अख्तियार रहेकै देखिने ।

लेखाजोखा केन्द्रको निर्णयअनुसार सार्ने कार्य भएको सो केन्द्रलाई प्रत्यर्थी नबनाएको हुँदा निवेदकले माग गरेको उपचार प्राप्त हुने अवस्था पनि देखिएन । उल्लिखित आधार र प्रमाणहरूबाट उक्त लेखाजोखा समितिको मिति २०७०।११।३० को निर्णय बदर गर्न मिलेन भनी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।३।९ मा उत्प्रेषणको रिट खारेज हुने ठहऱ्याई भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०४८६, बहुविवाह, *नेपाल सरकार वि. शोभा गहतराज*

घरसारका लिखतको आधारमा मात्र यी प्रतिवादी सूर्यबहादुर गहतराज कसुरदार होइनन भन्न सकिँदैन किनकि त्यस्ता जुनसुकै बखत तयार हुन सक्ने लिखतलाई मात्र आधार लिई यी प्रतिवादी सूर्यबहादुर गहतराजलाई कसुरमा छुट दिन नमिल्ने हुँदा बहुविवाहको कसुरमा सजाय गरेको कुरालाई अन्यथा भन्न मिल्ने स्थिति नभए पनि प्रतिवादीमध्येकी यी शोभा गहतराजले मैले जानीजानी श्रीमती भएको व्यक्तिसँग विवाह गरेकी होइन । मलाई अभियोग दाबीबमोजिम सजायसमेत हुनुपर्ने पनि होइन भनी सुरू अदालतसमक्षको इन्कारी बयान गरेकी, प्रतिवादीमध्येका सूर्यबहादुर गहतराजले निजलाई घरमा आफ्नो श्रीमती र छोराछोरी छन् भनी नभनेको अवस्थामा यी प्रतिवादी शोभा गहतराजलाई अनुसन्धान अधिकारीसमक्ष गरेको बयानको आधारमा मात्र कसुरदार ठहऱ्याउन मिल्ने नदेखिने । प्रतिवादी शोभा गहतराजले प्रतिवादी सूर्यबहादुर गहतराजको घरमा अर्की श्रीमती र छोराछोरी छन् भन्ने थाहा नभएको भनी अदालतसमक्ष बयान गरेकी र प्रतिवादी सूर्यबहादुर गहतराजले घरमा अर्की श्रीमती र छोराछोरी छन् भनी प्रतिवादी शोभा गहतराजलाई नभनेको भनी बयान गरेको तथा जाहेरवालीको जाहेरी र अदालतसमक्षको बकपत्रसमेत एकापसमा विरोधाभाषपूर्ण रहेको स्थितिमा यी प्रतिवादी शोभा गहतराजले जानीजानी दोस्रो विवाह गरेको भन्ने मिल्ने नदेखिँदा यस अदालतको निस्सा प्रदान गर्ने आधारसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार प्रमाण कारणहरूबाट प्रतिवादीमध्येकी शोभा गहतराजलाई प्रतिवादी सूर्यबहादुर गहतराज सरहको कसुरदार कायम नगरी सफाइ दिई निजउपरको अभियोग दाबी पुग्न नसक्ने र भनी सुरू कास्की जिल्ला अदालतबाट मिति २०७१।३।१९मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।१२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम् ।

## इजलास नं. १४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-००४३, उत्प्रेषण, *अनु प्रधान राना वि. स्वास्थ्य तथा जनसंख्या*

*मन्त्रालय, रामशाहपथसमेत*

५८ वर्ष उमेर पुगी सेवा निवृत्त हुन करिब २ वर्ष मात्र बाँकी रहेको असक्त महिलालाई निजको प्राथमिकता मागसमेत नगरी सहमतिबिना ललितपुरको अति दुर्गम तथा विकट गिम्दी स्वास्थ्य चौकीमा सरूवा गरेको विपक्षीहरूको काम कारबाहीलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ख(ग) को आधारमा न्यायसङ्गत मान्न सकिएन । यसबाट स्वास्थ्य मन्त्रालयको मिति २०७१।८।२२ को निर्णय र सोबमोजिमको विभागको मिति २०७१।८।२५ को निर्णय र पत्रले निवेदिकालाई सरूवा गरेको नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीले प्रदान गरेको निवेदिकाको कानूनी हकमा आघात पर्न गएको स्पष्ट हुन आउने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८(२) "महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ" भनी मौलिक हकको रूपमा प्रत्याभूत तथा सुरक्षित गरेको देखिन्छ । यो आदेश जारी हुँदाका बखत लागू रहेको नेपालको संविधानको धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशमा समेत अशक्त नागरिकको हकमा कानूनबमोजिम विशेष व्यवस्था गर्नसक्ने संवैधानिक प्रावधानका आधारमा तथा धारा ४३ प्रदत्त सामाजिक सुरक्षाको हकको परिप्रेक्ष्यमा समेत निज निवेदिकालाई निजले माग गरेको स्थानमा सरूवा गर्न प्राथमिकता दिनु पर्ने नै देखियो । निवेदिका अनु प्रधान राणा चिकित्सकको प्रमाणपत्रको आधारमा शारीरिकरूपमा अशक्त महिला भई सेवा निवृत्त हुन २ वर्ष मात्र बाँकी रहेको अवस्थामा उपरोक्त अशक्तताकै आधारमा निजले आफ्नो अनुकूल, पायक पर्ने ठाउँमा बसी सेवा कार्यकाल पूरा गर्न पाउनु पर्ने निजको नैसर्गिक अधिकार रहेको नै देखिने।

अतः निज निवेदिका अनु प्रधान राणाको अनिवार्य अवकाश हुन थोरै समय मात्र बाँकी रही निजको शारीरिक अवस्थाले गिम्दी गा.वि.स. जस्तो ललितपुर जिल्लाको अति दुर्गम स्थानमा रहेको गिम्दी स्वास्थ्य चौकीमा गई काम गर्न सक्ने अवस्थासमेत नदेखिँदा निजलाई सरूवा गर्ने गरी भएको विपक्षी स्वास्थ्य मन्त्रालयको मिति २०७१।८।२२ को निर्णय र सोबमोजिमको विभागको मिति २०७१।८।२५ को निर्णय र पत्र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को दफा ३१ख को (ग) र (ङ) तथा संविधान प्रदत्त सामाजिक सुरक्षा र समानताको हकसमेतको विपरीत हुँदा उक्त मिति २०७१।८।२५ को निर्णय र पत्र उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदिकालाई निजको अनुकूल तथा पायक पर्ने स्थानमा सरूवा मिलान तथा पदस्थापन गर्न परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-०२२४, उत्प्रेषण, *राजेश धिताल वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत*

शिक्षक सेवा आयोगको नतिजा पुनरावलोकन हेर्दा निज राजेश धिताल निम्नमाध्यमिक तहमा स्थायी भएको र अस्थायी पदमा लियन नरहने हुनाले निजको पदाधिकार निम्नमाध्यमिक तहमा राखी स्रोत व्यक्ति पदमा नियुक्ति भएकाले अस्थायी सेवा गणना नगरिएको भन्ने उल्लेख भएको देखिन्छ । निवेदकले मिति २०५३।०१।२० देखि २०५६।११।१ सम्म मा.वि. चतुर्थ तहमा बढुवा पाई अध्यापनमा संलग्न देखिएको र २०५६।११।२ बाट मात्र स्रोत व्यक्तिको रूपमा कार्य गरेको देखियो । त्यस्तै २०६०।६।११ बाट पुन: स्थायी भई मा.वि.तृतीयमा बढुवा भएको देखियो। यसरी निवेदक राजेश धितालको सेवा निरन्तर रहेको मिसिल सामेल रहेका पत्रहरूबाट देखिएको

अवस्थामा निज निवेदकले मिति २०५३।१।२० देखि २०५६।११।१ सम्मको अङ्क नपाउने भन्ने नदेखिने।

अत: शिक्षक सेवा आयोगले रोल्पा जिल्लामा माध्यमिक द्वितीय पदमा रिक्त रहेको पद संख्या १ को लागि विज्ञापन नं. ५-०७०।०७१ बाट गरेको विज्ञापनमा शिक्षक सेवा आयोग क्षेत्रीय बढुवा समिति मध्यपश्चिमाञ्चल सुर्खेतको निर्णयउपर विपक्षी शिवनारायण मण्डलले गरेको उजुरीमा शिक्षक सेवा आयोगले मिति २०७१।५।४ गरेको निर्णय र सोअनुसार भए गरेका कामकारबाहीहरू तथ्ययुक्त र कानूनसङ्गत नदेखिँदा उत्प्रेषणको आदेशबाट बदर हुन्छ । अब निवेदकले मा.वि. रा.प.चतुर्थ श्रेणीमा अस्थायी बढुवा भई मिति २०५३।१।२० देखि २०५६।११।१ सम्म अध्यापन गरेको अवधिको र मिति २०६०।६।११ देखि रा.प.तृतीय पदमा स्थायी बढुवा भई काम गरेको अवधिको समेत शिक्षक सेवा नियमावली, २०५७ को नियम २९(१) बमोजिम अङ्क गणना गरी कानूनबमोजिम पुन: निर्णय गर्नु भन्ने विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल असोज ३० गते रोज २ शुभम्।

२

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७२-WO-०३५८, उत्प्रेषण / परमादेश, *मोहन खड्का वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकले प्रहरी नियमावली, २०७१ को नियम ८०(३) बमोजिम वर्षको एकपटक घर बिदा लिई जाँदा र फर्कंदा बाटो म्यादसमेत पाउने भन्ने उल्लेख गरेको देखिन्छ । उक्त नियम ८०(३) हेर्दा घर बिदा लिँदा वर्षमा एक पटकबाटो म्याद पाउने नै देखिन्छ । निवेदकले यसभन्दा अघि घर जाँदा बाटो म्याद लिएको थियो भनी विपक्षीहरूले कारबाहीको निर्णय गर्दा र लिखित जवाफ पेस गर्दा उल्लेख गर्नसकेको अवस्था छैन । यस हिसाबले निज निवेदकको घर प्यूठान रहेको अवस्थामा न्यूनतम् पनि दुई दिन बाटो म्याद पाउने देखियो । निवेदक मिति २०७२।०३।१८ गते पक्राउ परेको देखिएबाट बिदा अवधि भुक्तान भएपछि पक्राउ परेको भनी यकिन साथ भन्न मिल्ने अवस्था नदेखिने।

प्रहरी कर्मचारीको जिम्मेवारी संवेदनशील रहने भएकोले सदासर्वदा अनुशासनमा रहने र जिम्मेवारीपूर्वक कर्तव्य निर्वाह गर्नुपर्ने हुन्छ । यस्तो जिम्मेवारी बहन गर्ने प्रहरी कर्मचारीले गर्ने लापरवाही र अनुशासनहीनताको अवस्था निश्चितरूपले उचित रहँदैन । प्रहरी कर्मचारीले गल्ती गरी सजाय गर्दा सो गल्ती गम्भीर प्रकृतिको हो वा सामान्य प्रकृतिको हो भनी निक्यौल गर्नुपर्ने हुन्छ । निर्णयकर्ताले सजायको निर्धारण गर्दा कसुरको प्रकृति र मात्रासँग सामञ्जस्यता कायम हुने गरी न्यायिक मनको प्रयोग गर्नुपर्ने । निवेदकले बिदामा गई कार्यालयमा फर्कने क्रममा डिउटीमा सम्मिलित नहुँदै अर्थात् बिदा कायम रहँदैको अवस्थामा होटलमा बसी केही मादक पदार्थ सेवन गरेकोसम्म देखिएकोमा सो कार्य गम्भीर प्रकृतिको कसुर हो भन्न नसकिएबाट सेवाबाट बरखास्त गर्ने सजायको निर्णय गर्दा कसुर र सजायको तालमेल भयो भनी मान्न मिल्ने देखिएन। निवेदकले गरेको कसुरलाई गम्भीर प्रकृतिको मान्ने हो भने प्रहरी नियमावली, २०७१ को नियम १०९(क) मा उल्लिखित सजायको औचित्य नै समाप्त भएर जाने।

तसर्थ, विवेचित आधार कारणबाट विपक्षी मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतबाट निवेदक मोहन खड्कालाई प्रहरी नियमावली, २०७१ को नियम १०९(ख)(१) बमोजिम सरकारी सेवाबाट अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको मिति २०७२।०३।२३ को निर्णय र सोउपर निवेदकले प्रहरी नायब महानिरीक्षकसमक्ष गरेको पुनरावेदनउपर मिति २०७२।०६।०६ मा भएको निर्णय न्यायिक मनको समुचित प्रयोग गरी विवेकसङ्गत र न्यायोचितरूपमा भएको नदेखिई कानूनत: त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको

आदेशले बदर गरिदिएको छ । अब निवेदक मोहन खड्कालाई सेवामा पूर्ववत् रूपमा बहाली गर्नु र निवेदकलाई सेवाबाट बरखास्त गरेदेखी बहाली नहुदाँसम्मको अवधिको तलब भत्तालगायतका सेवा सुविधासमेत उपलब्ध गराउनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल असोज ३० गते रोज २ शुभम् ।

## एकल इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ,** ०७२-WO-०४०५, उत्प्रेषण / परमादेश, *कञ्चनकृष्ण न्यौपाने वि. राष्ट्रपतिको कार्यालय, शीतलनिवाससमेत*

निवेदकले दाबी लिएको विषयको सम्बन्धमा पूर्व राष्ट्रपति, पूर्वउपराष्ट्रपति एवम् पूर्व सभामुखलाई कानूनविपरीत विभिन्न सुविधा नेपाल सरकारबाट उपलब्ध गराएको सम्बन्धमा कुनै औपचारिक निर्णय भएको भए सो उपलब्ध गराउन भनी गृह मन्त्रालयलाई लेखी पठाउन यस अदालतबाट मिति २०७२।९।८ मा आदेश भएकोमा सो मन्त्रालयबाट उल्लिखित व्यक्तिहरूलाई कानूनविपरीत विभिन्न सुविधाहरू उपलब्ध गराउने सम्बन्धमा कुनै निर्णय नभएको भनी मिति २०७२।९।१९ को पत्रद्वारा जवाफ प्राप्त भएको देखिन्छ । रिट निवेदकले दाबी लिएजस्तै गरी संविधान र कानूनविपरीत कुनै सुविधा दिएको देखिन आएमा कानूनी उपचारकोबाटो प्रशस्त हुने नै हुन्छ, तर निवेदकले चुनौति दिएको विषयमा सम्बन्धित सरकारको निकायबाट त्यस्तो कुनै निर्णय नभएको भनी लेखी आएको सन्दर्भमा निश्चित तथ्य वा निर्णयबिना अनुमानित आधारमा राज्यको संयन्त्रले गैरकानूनी कार्य गरेको, गरिरहेको वा गर्ने आशङ्का रहेको भनी अनुमान गरी कारबाही गर्न नमिल्ने हुनाले तत्कालको अवस्थामा विपक्षीहरूले नगरेको भनेको कार्य गरे भएको भनी कारण सोधी कारबाही गर्न नमिल्ने हुनाले प्रथम दृष्टिमा नै निवेदकको मागबमोजिम आदेश जारी गर्न नमिली निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-०९०८, उत्प्रेषण, *भैरवबहादुर पाण्डे वि. दिलबहादुर कार्कीसमेत*

कुनै मुद्दाको कारबाहीको सिलसिलामा रोक्का रहेको जेथा जग्गालाई अर्को व्यक्तिले फुकुवा माग गरेकै आधारमा फुकुवा गर्दा पहिलो मुद्दामा असर पर्ने अवस्थासमेत रहन्छ । बिगो भराउँदा अन्य कुनै कारणले रोक्का नरहेको, कसैलाई सुक्रिबिक्री नगरेको, कुनै कानूनबाट कच्चा नदेखिएको, अन्य व्यक्तिको हकाधिकारमा असर नपर्ने ऋणीको हकभोगको सम्पत्तिबाट बिगो भराई दिनुपर्ने हुन्छ । खासगरी अर्को मुद्दाबाट रोक्का रहेको सम्पत्ति सो रोक्का राख्ने कार्य भएपछि परेको लेनदेन मुद्दाबाट प्रकाशमा आएको जहिलेसुकै पनि तयार गर्न सकिने प्रकृतिको घरसारको लिखतबमोजिमको बिगो भराउने सन्दर्भमा यस पक्षमा अझ बढी संवेदनशील भई विचार गर्नु आवश्यक देखिने ।

सम्बन्ध विच्छेद अंश मुद्दाकी वादी सम्झना राईले विपक्षीमध्येका दिलबहादुर कार्कीको छोरा चन्द्रबहादुर कार्कीसँग विवाह गरेको भन्ने तथ्य निवेदन व्यहोराबाट खुलेको छ । निज सम्झना राईले सम्बन्ध विच्छेद अंश मुद्दा दायर गरेपछि प्रकाशमा आएको लेनदेनको तमसुक लिखतबमोजिमको दायित्व निज सम्झना राई कार्कीमा रहने कारण पनि खुल्न आएको देखिँदैन । जग्गा रोक्का राख्ने कार्य निजै सम्झना राई कार्कीको निवेदन मागबमोजिम गरिएको देखिन्छ । तर प्रस्तुत निवेदनमा निजलाई विपक्षीको रूपमा उल्लेख गरेको पनि पाइएन । निज सम्झना राई कार्कीलाई सुनुवाइको अवसर नै प्राप्त नहोस् भन्ने अभिप्रायले

प्रस्तुत निवेदन दायर गरिएको देखिँदा निवेदक सफा हात लिई अदालतमा प्रवेश गरेको पनि नदेखिने।

अतः सम्बन्ध विच्छेद अंश मुद्दा परेपछि दायर भएको लेनदेन मुद्दाबाट प्रकाशमा आएको घरसारको लिखतबमोजिमको बिगो देखिएको, सो रकम वास्तवमा सगोल परिवारको व्यवहार चलाउने क्रममा ऋण लिएको भनी विश्वास गर्न सकिने मनासिब आधार प्रस्तुत हुन नआएको; जग्गा रोक्का राख्न माग गर्ने सम्बन्ध विच्छेद अंश मुद्दाकी वादीलाई प्रस्तुत निवेदनमा विपक्षी बनाएको नदेखिएको, रोक्का फुकुवा गर्ने नगर्ने सम्बन्धमा तहतह अदालतबाट आदेश भएको र सो आदेशको परिणामस्वरूप कुनै गम्भीर अन्यायको अवस्थासमेत नदेखिएको तथा निवेदकले भराई पाउने ठहर भएको लेनदेनको बिगो ऋणीको अन्य सम्पत्तिबाट वा कानूनबमोजिमको प्रक्रिया अपनाएर पनि असुलउपर हुन सक्ने नै देखिँदा निवेदकको मागबमोजिम आदेश जारी हुनेतर्फ गरे बिराएको जस्तो देखिने अवस्था विद्यमान रहेको नदेखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४०(४) बमोजिम यसमा विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

३

**मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७३-WO-१३३७, उत्प्रेषण / परमादेश, *मथुराप्रसाद ठाकुरसमेत वि. उच्च अदालत जनकपुर, धनुषासमेत*

DNA परीक्षण गर्ने वा नगर्ने भन्ने प्रश्न छ यो पक्षले माग गर्दैमा अदालतले दिइहाल्नु पर्छ भन्ने होइन । पितृत्व यकिन गर्ने सन्दर्भमा DNA परीक्षण गर्ने वा नगर्ने भन्नेबारेमा अदालतको भूमिका चौकिदार (Gate Keeper) को जस्तो हुन्छ भन्ने गरिन्छ । अर्थात् मिसिल संलग्न तथ्य र पक्षहरूको आचरण वा पहिलेका व्यवहार प्रमाणबाट DNA परीक्षणबेगर नै अदालत निष्कर्षमा पुग्न सक्छ भने पारिवारिक सम्बन्ध जस्तो संवेदनशील विषयमा अदालतले हात हालिहाल्नु हुँदैन। पारिवारिक सम्बन्ध खलबलिदा यसले समाजमा विसृंखलता एवम् अराजकता ल्याउँछ । त्यसैले DNA परीक्षणको आदेश दिनुअघि पक्षले सुरूमा अदालत प्रवेशको चरणमा नाताको विषयमा विवाद उठाएको र DNA को माग गरेको छ वा छैन ? कतै अन्य कुराबाट पार नलाग्ने भएपछि DNA को कुरा उठाएको यो हो कि, यो न्यायमा सान्दर्भिक विषय बन्ने।

अदालत प्रवेश गर्दा विवाद नै उठाएको अवस्था नहुँदा सर्वोच्च अदालतले, त्यो पनि रिट क्षेत्रबाट हस्तक्षेप गरी DNA परीक्षण गराउनु भनी आदेश गर्नु युक्तिसङ्गत र न्यायपूर्ण हुँदैन । मुद्दाको रोहमा सुरू वा पुनरावेदन तहको अदालतले आफूले गरेका आदेश र फैसलाहरूको पुनरावलोकन गर्नसक्ने नै हुन्छ । रिटक्षेत्रबाट हस्तक्षेप गर्न गम्भीर कानूनी त्रुटि वा घोर अन्याय भएको स्थिति देखिनु पर्छ । बन्दीप्रत्यक्षीकरणबाहेक अन्य रिटहरू स्वविवेकीय रिट हुन् भन्ने कुरालाई कसैले पनि बिर्सन मिल्दैन । अदालतमा अंश मुद्दा चलेको र सो सन्दर्भमा भएका तायदाती माग्ने, रोक्का राख्ने आदेशहरू सामान्य क्षेत्राधिकारअन्तर्गत न्यायिक निकायबाटै तह तह पुनरावलोकन हुन सक्ने हुँदा रिट क्षेत्रबाट बदर गर्न उचित र आवश्यक देखिएन । यो कुरा उल्लिखित कि.नं. ३७ को सन्दर्भमा भएको आदेशको हकमा पनि लागू हुने।

अतः उल्लिखित आधार कारणहरूबाट उच्च अदालत जनकपुरबाट भएको आदेश कानूनी त्रुटिपूर्ण भन्न सकिने अवस्था नदेखिएको हुँदा मागबमोजिम कारण देखाउ आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम्।